का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ भदौ २०७९,
सोमबार
29 August 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २०५ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

सत्ता गठबन्धन

# सिट बाँडफाँडको अधिकार शीर्ष नेतृत्वलाई



पाँच दलीय सत्ता गठबन्धनले आगामी चुनावका लागि सिट बाँडफाँडका लागि ११ सदस्यीय कार्यदल बनाएर काम गरे पनि निचोड दिन सकेन । यसपछि कार्यदलले सिटबाँडको अधिकार शीर्ष तहमै छोडिदिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ भदौ ।

पाँच दलीय सत्ता गठबन्धनले गठन गरेको ११ सदस्यीय कार्यदल मुख्य विषयमै असफल भएको छ । आगामी चुनावका लागि सिट बाँडफाँडका लागि कार्यदल बनाएर काम गरेपनि कृष्णप्रसाद सिटौला नेतृत्वको कार्यदलले निचोड दिन सकेन । यसपछि कार्यदलले सिटबाँडको अधिकार शीर्ष तहमै छोडिदिएको छ ।

नेताहरुका अनुसार, निचोड निकाल्न नसक्नुको कारण हो- सिट संख्याको दाबीबाट कुनै दल पनि पछि हट्न तयार नहुनु । एक नेता भन्छन्, 'कार्यदलमा कुनै प्रगति भएन । अहिलेसम्म कार्यदलमा उठेका विषय शीर्ष तहलाई जानकारी गराउने सहमति भएको छ ।' अर्को बैठक कहिले बोलाउने भन्ने निर्णय पनि शीर्ष तहलाई नै छोडिएको छ ।

२० साउन २०७९ मा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको शीर्ष नेताहरुको बैठकले सीट बाँडफाँडका लागि कार्यदल गठन गरेको थियो । ११ सदस्यीय कार्यदलमा कांग्रेसबाट महामन्त्री गगन थापा, कृष्ण सिटौला र ज्ञानेन्द्रबहादुर कार्की, नेकपा (माओवादी केन्द्र) बाट वर्षमान पुन र जनार्दन शर्मा सदस्य छन् । नेकपा (एकीकृत समाजवादी)बाट महासचिव बेदुराम भुसाल र प्रमेश हमाल, जनता समाजवादी पार्टी (जसपा) बाट रामसहायप्रसाद यादव र रकम चेम्जोङ तथा राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य छन् ।

कार्यदललाई साउन मसान्तभित्र सबै निर्वाचन क्षेत्रको तथ्य आकलन गरी सिट बाँडफाँडको खाका तयार गर्न भनिएको थियो । त्यसका आधारमा गठबन्धनका शीर्ष नेताको बैठकले भदौ पहिलो साता सिट बाँडफाँड सकाउने निर्णय गरेको थियो । तर, भदौको दोस्रो साता बितिसक्दा समेत सहमति नजुटेपछि शीर्ष नेताहरुलाई नै जिम्मेवारी दिइएको हो ।

– बाँकी पृष्ठ २ मा

नागरिकता विधेयक

# प्रक्रियामा सहमति

नागरिकता विधेयकमा एक खालको अडान लिएका दलहरुबीच अगाडि बढाउने प्रक्रियामा सहमति जुटेको छ । सहमति अनुसार विधेयक पुनर्बिचारका लागि विधायन व्यवस्थापन समितिमा पुगको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १२ भदौ ।

राष्ट्रिय सभाले राष्ट्रपतिबाट फिर्ता भएको नागरिकता विधेयक पुनर्बिचारका लागि विधायन व्यवस्थापन समितिमा पठाएको छ । राष्ट्रपतिले फिर्ता पठाएको विषयलाई राजनीतिक रुपमा लिएर नागरिकता विधेयकमा एक खालको अडान लिएका दलहरुबीच अगाडि बढाउने प्रक्रियामा सहमति जुटेपछि विधायन व्यवस्थापन समितिमा पठाइएको हो । सहमतिअनुसार विधेयक पुनर्बिचारका लागि विधायन व्यवस्थापन समितिमा पुगको विधेयकमाथि सोमबारबाटै छलफल अगाडि बढाउने समझदारी छ ।

विधायन समितिका जेष्ठ सदस्य नारायण दत्त मिश्रका अनुसार नागरिकता विधेयकमा पुनर्बिचार गर्न सोमबार मध्यान्न १२ बजेका लागि बैठक बोलाइएको छ । उनी भन्छन्, 'समितिमा रहेका १५ जना सदस्यहरु राखेर ब्यापक छलफल गराएर नागरिकता विधेयकम पारित गर्ने सोचेको छु ।'

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा पठाइएको भए पनि फेरि पनि फास्ट ट्र्याकमै विधेयकक पारित गर्ने सरकार र सत्तारुढ गठबन्धनमा रहेका दलहरुको तयारी छ । सोही अनुसार अगाडि बढ्ने बताउँछन् जेष्ठ सदस्य मिश्र । राष्ट्रिय सभाको अर्को बैठक यही भदौ १६ गतेका लागि बोलाइएको छ । १६ गतेकै बैठकमा विधायन व्यवस्थापन समितिको नागयिरकता विधेयकको प्रतिवेदन पेश गर्ने र सोही दिन विधेयक पारित गर्ने गरी अगाडि बढिने गठबन्धनका नेताहरु बताउँछन् ।

भदौ २ गते प्रतिनिधिसभाले राष्ट्रपतिले पुनर्बिचारका लागि फिर्ता पठाएको सन्देशउपर छलफल गरेर, विधेयक पारित गरेर राष्ट्रिय सभामा पठाएको थियो । राष्ट्रिय सभामा आएको १० दिनपछि यो विधेयक अगाडि बढेको छ । अब धेरै ढिलो गर्ने सोच नरहेको गठबन्धनका नेताहरु बताउँदछन् । 'नागरिकता विधेष्यक पास गर्नमा ढिला भइसक्यो । समय छैन त्यसकारण १६ गते नै विधेयक पारित गर्ने गरी अगाडि बढ्छौं' मिश्रले भने ।



"नागरिकता विधेयक पास गर्नमा ढिला भइसक्यो । समय छैन, त्यसकारण १६ गते नै विधेयक पारित गर्ने गरी अगाडि बढ्छौं ।"

■ **नारायण दत्त मिश्र**
जेष्ठ सदस्य, विधायन व्यवस्थापन समिति

विधायन समितिमा सत्तारुढ गठबन्धनको स्पष्ट बहुमत रहेको छ । कांग्रेसबाट ३ जना, नेकपा माओवादी केन्द्रबाट ४ जना, एमालेबाट ३ जना, नेकपा एकीकृत समाजवादीबाट २ जना र जनता समाजवादी पार्टी (जसपा)बाट प्रमिला कुमारी सदस्य छन् । एक जना स्वतन्त्र र एक जना मनोनित सांसद छन् ।

कांग्रेसबाट सदस्य (जेष्ठ सदस्य मिश्रसहित जितेन्द्र नारायण देव र प्रकाश पन्थ) छन् । नेकपा माओवादी केन्द्रबाट गंगा कुमारी वेल्वासे, तारामान स्वार, सुरेश कुमार आलेमगर र राधेश्याम पासवान छन् । एमालेबाट देवेन्द्र दाहाल, भगवती न्यौपाने र भैरव सुन्दर श्रेष्ठ छन् ।

राष्ट्रपतिबाट मनोनित सांसद विमला राई पौडयाल एमाले निकट मानिन्छन् । नेकपा एकीकृत समाजवादीबाट २ जना डा. बेदुराम भुसाल र उदय बहादुर बोहरा छन् । स्वतन्त्र सांसद खिमलाल देवकोटा पनि नेकपा एकीकृत समाजवादी निकट नेता हुन् । जनता समाजवादी पार्टी (जसपा)बाट प्रमिला कुमारी सदस्य छन् ।

सधैंको चिन्ता

# पदाधिकारीमा महिला सहभागिता

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ भदौ ।

नेपालका राजनीतिक दलको विधान र घोषणापत्रले ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरेपनि त्यसको कार्यान्वयन हुन नसक्दा आलोचना चुलिन थालेको छ । शीर्षस्थ नेतृत्वले महिला, आदिवासी, जनजातिको मुद्धालाई सम्बोधन गर्ने दाबी गरेपनि त्यसको कार्यान्वयन हुन नसक्दा आलोचना बढेको हो । जसले गर्दा महिला मानवअधिकार रक्षकहरुको राष्ट्रिय सञ्जालले प्रत्येक संगठनमा कम्तीमा ३३ प्रतिशत राख्न राजनीतिक दललाई दबाव नै दिएको छ । आईतबार एक विज्ञप्ती जारी गर्दै सञ्जालले संविधान प्रदत्त अधिकारलाई राजनीतिक दलले कुण्ठित पारेको आरोप लगाएको हो ।

'प्रत्येक दलभित्र पुरूषहरूकै वर्चस्व रहेका कारण महिलाहरूको नेतृत्व स्वीकारीएको छैन । घर, परिवार, समाज, राज्य र आफ्नो राजनीतिक पार्टीभित्र महत्वपूर्ण जिम्मेवारी बहन गरेका महिलालाई निर्णय गर्ने अवसरबाट वञ्चित पारिएको छ, निर्णायक भूमिकाबाट पाखा परिएको छ,' जारी विज्ञप्तिमा भनिएको छ ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १५ को उपदफा ३ अनुसार दलको सङ्गठनात्मक संरचना विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी आफ्ना सदस्यहरूमध्येबाट त्यस्ता समितिमा समानुपातिक सामावेशी सिद्धान्तका आधारमा सहभागिता हुनुपर्ने व्यवस्था छ । त्यस्तै, दफा १५ को उपदफा ४ अनुसार दलको सबै तहको समितिमा कम्तीमा एक तिहाइ महिला सदस्य हुने व्यवस्था छ ।

हुनत, हरेक अहिले नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा

– बाँकी पृष्ठ २ मा



# जबराविरुद्ध नेपाल बारले दियो ३४ वटा प्रमाण

जबराबिरुद्ध बिभिन्न ३४ वटा प्रमाण संकलन गरेर नेपाल बारले प्रतिनिधिसभाको महाअभियोग सिफारिस समितिमा बुझाएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ भदौ ।

नेपाल बार एसोशिएसनले निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराबिरुद्ध बिभिन्न ३४ वटा प्रमाण संकलन गरेको छ । संकलित प्रमाणहरुलाई एकीकृत गरेर नेपाल बारले प्रतिनिधिसभाको महाअभियोग सिफारिस समितिमा बुझाएको छ ।

नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेका अनुसार जबरामाथिको महाभियोग पुष्टि हुने प्रमाणसहितको ३४ बुँदे पत्र संसदको महाभियोग सिफारिस समितिलाई आइतबार बुझाएको छ ।

'प्रधानन्यायाधीश जबरा उपरको नेपालका संविधानको धारा १०१ वमोजिम महाभियोग प्रस्तावलाई पुष्टि गर्ने महाभियोग आरोपसँग सम्बन्धित कागजात,

– बाँकी पृष्ठ २ मा

# पुस ८ गते साधारणसभा र निर्वाचन गर्ने संघको निर्णय

पूर्वअध्यक्ष कटुवाललाई सहसंयोजक र न्यौपानेलाई सदस्य सचिवको जिम्मेवारी, शर्माको संयोजकत्वमा निर्वाचन समिति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आफ्नो साधारणसभा र निर्वाचन आगामी पुस ८ गते गर्ने निर्णय गरेको छ । संघ तदर्थ कार्यसमितिको आइतबार बसेको बैठकले उक्त निर्णय गरेको हो ।

संघले निर्वाचन गराउन लक्की एचआर सोलुसन प्रा.लि.का सञ्चालक ऋषि शर्माको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समितिसमेत गठन गरेको छ । कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता शम्भु प्रसाद निरौला निर्वाचन समितिको सदस्य सचिव तोकिएका छन् । निर्वाचन समितिको एक सदस्य पछि तोक्ने तदर्थ कार्यसमिति सदस्य प्रज्ञान न्यौपानेले बताए । निर्वाचन समितिको रिक्त एक सदस्य प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको सिफारिसमा राख्ने संघ श्रोतले बतायो ।

संघले निर्वाचनको मिति घोषणासँगै कार्यसमितिका सदस्य तथा पूर्वअध्यक्ष प्रेमबहादुर कटुवालाई सह-संयोजक र कार्यसमिति सदस्य न्यौपानेलाई सदस्य सचिव नियुक्ति गर्ने निर्णय गरेको छ । संघको साधारण सभा र निर्वाचन गराउनुपर्ने भएकोले संघलाई चुस्त बनाउन सह-संयोजक र सदस्य सचिवको जिम्मेवारी दिइएको हो ।

संघ संयोजक ढकाल पार्टी राजनीतिमा पनि सक्रिय हुने कारण पटक-पटक राजधानी बाहिर जानुपर्ने भएकाले कटुवाललाई सह-संयोजकको जिम्मेवारी दिइएको बताइएको छ । साधारणसभामा संघको महासचिवको वार्षिक प्रतिवेदन तयारी लगायतको काम गर्न सदस्य सचिवको जिम्मेवारी दिइएको हो ।

संघले सरकारले वैदेशिक रोजगार ऐन २०६४ लाई संशोधनको प्रक्रिया शुरु गर्न लागेकोले ऐनलाई व्यवसायीमैत्री

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## गठबन्धन कायमै राख्ने प्रयास, मञ्चले प्रतिवाद गर्ने

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनमा हालैको गठबन्धन कायमै राखेर जाने सम्भावना छ । हाल संघको तदर्थ कार्यसमिति नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एशोसिएसन, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपाल, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघको समर्थनमा गठन भएको हो ।

ती संगठन अहिले कायम सहमति अनुसार आगामी निर्वाचनमा जाने मनस्थितिमा छन् । नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च

– बाँकी पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१३ भदौ २०७९, सोमबार
29 August 2022, Monday

# आज तीजको पहिलो दिन



**काठमाडौं/मस–** हरितालिका (तीज) व्रतको तयारी स्वरुप सोमबार दर खाने तयारीमा नेपाली महिला छन् । दरखाने दिनसँगै चार दिने तीज पर्व सोमबारदेखि शुरु हुँदैछ । विशेषगरी नेपाली नारीले मनाउने हरितालिका अर्थात् तीजको पहिलो दिन सोमबार दर खाइन्छ। माइतीले चेलबेटीलाई बोलाई दर खुवाउने परम्परा छ। दरका रुपमा विशेषगरी दुधबाट बनेका शुद्ध परिकार खाइन्छ । जसले व्रतका दिन आडिलो बनाउँछ।

तीजको व्रत सक्नेले निराहार बस्ने भएकाले सोमबार वर्तालुहरुले शक्ति प्राप्तिका लागि मीठा मीठा एवम् आडिलो परिकार दरका रुपमा खाई मङ्गलबारको व्रतका लागि पूर्व तयारी गर्छन्। विशेषगरी माइती एवम् दाजुभाईले छोरी, चेली, दिदी बहिनीलाई बोलाई दर खुवाउने गर्दछन्। दर दुई भाग रात हुँदै खाइसक्नुपर्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा. डा. रामचन्द्र गौतम बताउछन्।

महिलाहरुले वर्षदिनभर आफुलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमा समेत तीजलाई उपयोग गर्ने गरेका छन्। तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाहरुले सार्वजनिक गर्दछन्। जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दुःख, पीर, मर्कालाई नारीले पोख्ने गरेका छन्।

### विकृति बन्दै तीज

पछिल्ला वर्षहरुमा तीजका नाममा उच्छृङ्खलता र तडक भडक आएको छ। एक महिना अघिदेखि दर खाने, गरगहना एवं पोशाक प्रदर्शन गर्ने जस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रुपमा लैजान खोजेको समाजशास्त्री कीर्तिकुमार राई बताउछन् । यस्ता गतिविधिले नहुनेलाई खिन्न बनाउने भएकाले पनि विकृति रोकिनुपर्नेमा पनि संस्कृतिविद्, धर्मशास्त्री एवं समाजशास्त्रीहरुले जोड दिएका छन् । एक महिना अघिदेखि नै दर खाने चलन पछिल्लो समय बढ्न थालेपनि भाद्र शुक्ल द्वितीयाको बेलुकीको समय शास्त्रीय रुपमा दर खाने दिनका लागि तोकिएको छ । पछिल्लो समय सरकारी कार्यालयमा समेत एक महिनाअघिदेखि नै तीज कार्यक्रमको तामझाम हुने गरेको छ। समाजमा शुरु भएको विकृति रोक्नुपर्ने जिम्मेवारी बोकेका सरकारी कार्यालय नै विकृतिका भासमा जाकिएपछि यसले संस्थागत रुप लिँदै गएको छ।

### दरसँगै शुरू हुन्छ तीज

सोमबार दर खाएपछि औपचारिक रुपमा शुरु हुने तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ। तृतीयाका दिन हरितालिका व्रत, चौँथीका दिन, गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धती सहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ। यस वर्ष गणेशको उत्पत्ति भएको विश्वास गरिने गणेश चौथी भदौ १५ गते बुधबार, ऋषि पञ्चमी पर्व भदौ १६ गते बिहीबार मनाइने समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । गणेश चौँथी प्रातः कालमा तिथि परेका दिन मनाइन्छ । ऋषि पञ्चमी भने मध्याह्न कालमा पञ्चमी परेका दिन मनाउनुपर्ने शास्त्रीय विधि छ।

तीजको आगमनसँगै नेपाली महिलामा उत्साह जाग्ने गरेको छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन्।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई प्राप्त गरिन् । यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन शुरु भएको धर्मशास्त्रीय मत रहेको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख एवम् पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा. डा. देवमणि भट्टराई बताउछन्।

# सबै वडामा डाक्टर र इन्जिनियर



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले सबै वडामा एमडीजीपी डाक्टर र नर्स राख्ने प्रस्ताव गरेका छन् । नगर कार्यपालिका बैठकमा उनले ३२ वटै वडामा वडा क्लिनिक सञ्चालनका लागि ३२ जना एमडीजीपी डाक्टर र ३२ जना नर्स करार सेवामा राख्ने प्रस्ताव गरेका हुन्। उनले वडा क्लिनिकमा एमबीबीएस गरेको डाक्टर भन्दा जनरल फिजिसियन डाक्टर राख्न सकेमा स्वास्थ्यसम्बन्धी सरसल्लाह लिन, उपचार गर्न र कुनै समस्याको तत्काल उपचार गर्न सजिलो हुने बताए । त्यस्तै काठमाडौं महानगरको वडाहरुमा हुने विकास निर्माण कामको अनुगमनका लागि ३२ वटै इन्जिनियर राख्नुपर्ने उनले प्रस्ताव गरेका छन्।

यस्तै महानगरले नगर प्रहरीलाई खाना र खाजाबापत दैनिक पाँच सय रुपैयाँ भत्ता दिने भएको छ । काठमाडौं महानगर कार्यपालिकाको आइतबार बसेको बैठकमा काठमाडौंका सडकमा फुटपाथ नियन्त्रणका लागि खटिएका नगर प्रहरीलाई दैनिक पाँच सय रुपैयाँ भत्ता दिने प्रस्ताव पेस भएको हो।

यसअघि महानगरले नगर प्रहरीलाई दैनिक तीन सय रुपैयाँ भत्ता उपलब्ध गराउँदै आएकोमा यसपटकदेखि पाँच सय रुपैयाँ पुऱ्याइएको हो । काठमाडौं महानगर प्रमुख शाहले भत्ताबापतको रकम वृद्धिको प्रस्ताव पेस गर्न महानगरको प्रशासन प्रमुखलाई निर्देशन दिएका थिए।

### विद्यार्थीलाई दैनिक २५ रुपैयाँ खाजा खर्च

महानगरपालिकाले महानगरभित्रका सरकारी विद्यालयमा आठ कक्षासम्म अध्ययन गर्ने सबै बालबालिकालाई दैनिक २५ रुपैयाँ खाजा खर्चबापत उपलब्ध गराउने भएको छ। नेपाल सरकारले कक्षा ६ सम्म अध्ययन गर्ने बालबालिकालाई खाजास्वरुप १५ रुपैयाँ दिने र त्यसमा महानगरपालिकाले १० रुपैयाँ थप्नेगरी प्रस्ताब भएको हो । काठमाडौं महानगरपालिकाको आइतबार बसेको कार्यपालिकाले ७ र ८ कक्षामा अध्ययन गर्ने बालबालिकालाई पनि खाजा खार्च उपलब्ध गराउने प्रस्ताव गरेको हो । यसका लागि नगरपालिकाले नौ करोड रुपैयाँ बजेट विनियोजन गरिसकेको छ। यस्तै, बालबालिकालाई उनीहरूको विद्यालय उपस्थितिको हाजिरी हेरेर खाजा खर्चबापत उपलब्ध गराइने महानगरको शिक्षा विभागले जनाएको छ।

# मोटरसाइकल दुर्घटनामा सैनिकको मृत्यु



**हेटौंडा/मस–** हेटौंडामा मोटरसाइकल दुर्घटना हुँदा एकको मृत्यु भएको छ । मोटरसाइकल दुर्घटनामा परी नेपाली सेना राजदल गण खैरहनीटार तनहुँमा कार्यरत २५ वर्षीया श्रृजना विकको मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पूर्व-पश्चिम सडकखण्डको हेटौंडा-९ मा हेटौंडाबाट बारातर्फ जाँदै गरेको ग २२ प ६१३ नम्बरको मोटरसाइकलले सोही दिशातर्फ जाँदै गरेको ना ४ ख ९६०३ नम्बरको ट्रकलाई ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई ट्रकमा ठोकिएर दुर्घटना हुँदा बाइकमा सवार विक गम्भीर घाइते भएकी थिइन्।

घाइते विकको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिए । मृत्यु भएकी विकका श्रीमान् २९ वर्षीय आदर्श विकको हातमा सामान्य चोट लागेको छ । उनीहरुका ५ वर्षीय छोरा आशिक विकको टाउकोमा सामान्य चोट लागेको छ। घाइते आदर्श र आशिकको अहिले हेटौंडा अस्पतालमा उपचार भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको प्रवक्ता कार्कीले बताए।

# एनआरएनको एसिया क्षेत्रीय बैठक १३ बुँदे घोषणापत्र जारी गर्दै समापन

**कृष्ण अधिकारी/रासस**
**थाइल्याण्ड, १२ भदौ ।**

थाइल्याण्डको राजधानी बैंककमा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को नवौँ एसिया क्षेत्रीय बैठक विभिन्न १२ बुँदे घोषणापत्र जारी गर्दै समापन भएको छ । शुक्रबारदेखि शुरु भएको सम्मेलनमा एसिया प्रशान्त क्षेत्रका विभिन्न राष्ट्रिय समन्वय परिषद्का प्रतिनिधिहरु, युरोप, अमेरिका ओसियाना, अफ्रिका तथा मध्यपूर्वका गरी झण्डै ३०० प्रतिनिधिको सहभागिता रहेको थियो।

घोषणापत्रमा दोस्रो विश्वयुद्धको समयदेखि म्यानमार, मलेसिया, थाइल्याण्ड, सिङ्गापुर, फिजी लगायतका देशमा रहेका करिब छ लाख नेपाली मूलका पिएनओ (पिपल अफ नेपाली ओरजिन) हरुलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहितको गैरआवासीय नेपाली परिचयपत्रको व्यवस्था गर्न यो सम्मेलनबाट नेपाल सरकारसँग विषेश अनुरोध गरिएको छ।

एनआरएनएले स्थापना कालदेखि उठाउँदै गरेको गैरआवासीय नेपालीले नेपाली नागरिक सरह सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता हालै संसद्बाट पारित भएको प्रति सम्मेलनले खुशी व्यक्त गर्दै गैरआवासीय नेपालीहरुको नागरिकतालाई सुनिश्चित गर्न आवश्यक कानूनी व्यवस्था तत्काल गर्न नेपाल सरकार र सम्बन्धित निकाय समक्ष हार्दिक अनुरोध गरेको छ।

एसिया प्रशान्त क्षेत्रमा बसोबास गर्ने युवा, महिला तथा दोस्रो पुस्तालाई सङ्घको मूलधारमा समाहित गर्दै विदेशमा रहेका बालबालिकालाई नेपाली भाषा, लिपि, संस्कार र संस्कृति सिकाउने कार्य गर्न सङ्घका सबै राष्ट्रिय समन्वय परिषद्हरु सम्मेलनमार्फत प्रतिबद्धता जाहेर गरिएको छ। नेपालमा विदेशबाट पढ्न आउनेले पर्यटन भिसा लिएर जानुपर्ने अवस्था भएकोले सो को अनुकूल वातावरणका लागि विद्यार्थी भिसाको व्यवस्थाका लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको छ।

गैरआवासीय नेपालीको लगानीलाई सुनिश्चित गर्नका लागि आवश्यक कानूनलाई समयाअनुकूल परिमार्जित गर्दै गैरआवासीय नेपालीको लगानीलाई नेपालको धितोपत्र विनिमय बजारमा प्रवेश गराउन आवश्यक पहलका लागि सरकार तथा सम्बन्धित निकायसँग अनुरोध गर्ने पनि घोषणापत्रमा उल्लेख छ।

### सत्ता...

सत्ता गठबन्धनले सिट भागबण्डाको सैद्धान्तिक सहमति भने जुटाएको छ । पहिलो बैठकबाटै सैद्धान्तिक सहमति जुटाएपनि भागबण्डा भने कार्यदलले गर्न सकेन । कार्यदलले ०७४ को परिणाम, त्यही चुनावमा दलहरुले पाएको समानुपातिक मत, गएको स्थानीय चुनावको नतिजा र रदलहरुको व्यवहारिक पक्षलाई आधार मान्ने सहमति गरेको थियो। तर सैद्धान्तिक सहमतिकै जगमा टेकेर दलहरुले सिट संख्या दाबी नछोड्दा भागबण्डा मिल्न सकेन।

प्रतिनिधिसभा सदस्यका लागि चुनाव हुने १६५ निर्वाचन क्षेत्र भएपनि दलहरुको दावी संख्या जोड्दा भने यो भन्दा धेरै हुन्छ । सत्ता गठबन्धनभित्रै सकेसम्म धेरै सिट लिने दाउ दलहरुले नछोड्दा सहमति जुट्न नसकेको हो । सहमति जुट्न नसक्नुमा दलहरुभित्र देखिएको अन्तरविरोधले समेत काम गरेको छ । कांग्रेसभित्रै सय सिट छोड्न नहुने अडान छ। माओवादी केन्द्रले ६०, एकीकृत समाजवादीले ४०, जनता समाजवादीले ४० सिट दावी गरेको छ।

### सधैंको...

माओवादी केन्द्र र नेकपा एकीकृत समाजावदी लगायतका दलरुले महिला सहभागितामा तलदेखि माथिल्लो कमिटीमा समेत ध्यान पुऱ्याएको पाइदैंन। नेकपा एमालेको १९ जना पदाधिकारी मध्ये २ जना मात्रै महिला पदाधिकारी रहेका छन् । त्यस्तै, नेपाली कांग्रेसको १३ सदस्यीय पदाधिकारीमध्ये १ र नेकपा माओवादी केन्द्रको पनि २१ सदस्यीय पदाधिकारीमा १ जना मात्रै महिला रहेका छन्। समग्रमा ठूला र साना दलको गर्दा पदाधिकारीहरूमा महिलाको सङ्ख्या २ प्रतिशत मात्रै रहेको तथ्यांकले देखाउँछ । यद्यपि, पदाधिकारीमा यति प्रतिशत पुग्नैपर्छ भन्ने बाध्यकारी नियम भने संविधानमा राखिएको छैन।

राजनीतिक दलले महिला सहभागिताको सुनिश्चितता गर्न नसक्नु दुखद भएको अनेमसंघकी अध्यक्ष जयन्ती राई बताउँछिन्। 'महिलालाई हरेक दलले ३३ प्रतिशतको अधिकार दिनुपर्ने माग राखेपनि पदाधिकारीमा भने महिला सहभागिता लज्जाजनक नै छ, हामीले पटक पटक दबाव दिदाँपनि यो कार्यान्वयन नहुनु दुखद हो, अब निर्वाचनमा यो लागू गराउनै पर्छ, अध्यक्ष राईले भनिन्। यद्यपि, नेतृत्व गर्नेहरु भने अझैपनि महिलालाई अधिकार दिनेबारे सकारात्मक हुन सकेका छैनन् । तसर्थ, सदैव महिला सहभागिता र निर्णायक तहमा अधिकार दिनेबारे प्रश्न खडा भईरहन्छ । संविधानले ३३ प्रतिशतको ग्यारेन्टी गरेपनि नेतृत्वमा रहेका पुरुषले आनाकानी गर्दा महिला नेतृत्वका विषयमा प्रश्न निरन्तर उठी नै रहेको छ।

### जबराविरुद्ध...

विवरण, जानकारी लगायतका प्रमाणहरु यस निवेदनसँग संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ' बारले बुझाएको ज्ञापनपत्रमा उल्लेख छ।

जबराविरुद्ध ९८ जना सांसदले १ फागुन २०७८ मा महाअभियोग दर्ता गरेका थिए। उक्त महाअभियोग उपर अध्ययन गर्नका लागि २२ फागुनमा महाअभियोग सिफारिस समिति गठन भएको थियो। जबरा विरुद्धको महाअभियोग २९ फागुनमा प्रतिनिधिसभामा पेश भएको थियो। तर, लामो समय अड्किएर रहेको महाअभियोग उपर अध्ययन गर्नका लागि २२ साउनमा प्रतिनिधिसभाले महाअभियोग सिफारिस समितिमा पठाएको थियो। विजनेश पाएको १० दिन पछि १ भदौमा महाअभियोग सिफारिस समितिको बैठक बसेको थियो । त्यसको पनि ७ दिन पछि ७ भदौमा बसेको महाअभियोग सिफारिस समितिले जबराविरुद्ध प्रमाण संकलन गर्ने निर्णय गरेको थियो । सोही अनुसार ८ भदौमा जबरा विरुद्ध उजुरी दिन समितिले आश्वान गरेको थियो। सोही आह्वान अनुसार आइतबार नेपाल बारले सिफारिस समितिलाई बिभिन्न ३४ वटा प्रमाण संकलन गरेर बुझाएको हो । प्राप्त प्रमाणहरु सकलन गरेर अध्ययन गरेर जबरालाई सोधिने प्रश्नावली तयार पार्ने समितिको तयारी छ। महाअभियोग सिफारिस समितिले यही भदौ १५ गते समितिमा सोधपुछका लागि स्वमं जबरालाई बोलाएको छ।

### पुस ...

बनाउन संघको तर्फबाट मस्यौदा तयार गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पेश गर्नका लागी इम्प्लोइमेन्ट लिंक प्रा.लि.का संचालक तथा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका महासचिव मधुकर रिजालको संयोजकत्वमा ५ सदस्यीय ऐन मस्यौदा सुझाव समिति गठन गर्ने निर्णय गरेको छ।

समितिले सुझाव संकलन गरी संघलाई बुझाउने र संघले उक्त सुझाव मन्त्रालयमा पेश गर्नेछ। उक्त समितिको सदस्यहरुमा रोयल गण्डकी म्यानपावर प्रा.लि.का संचालक तारानाथ अर्याल, एसिया लिंक सर्भिस प्रा.लि.का संचालक मिलन कट्टेल र संघका कानूनी सल्लाहकारद्वय वरिष्ठ अधिवक्ता शम्भुप्रसाद निरौला र अधिवक्ता देवराज कटुवाल रहेका छन्।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनलगायतले दशैं र तिहारको बीचमा निर्वाचन गर्न उपयुक्त हुने धारणा राखेका थिए । तर संघले निकट भविष्यमा पनि दशैं, तिहार र छठ जस्ता चाडबाड आएको र त्यसको लगत्तै आम निर्वाचन आएकोले आम निर्वाचन लगत्तै आगामी २०७९ पुस ८ गते शुक्रबारका दिन संघको साधारणसभा र निर्वाचन गराउने निर्णय गरिएको बताएको छ।

### गठबन्धन...

नेपाल गठबन्धनमा सामेल छैन । मञ्चका महासचिव जनक रावलले व्यावसायिक संस्थाको निर्वाचन राजनीतिक आस्थाको आधारमा गराउने र नेतृत्व कब्जा गर्ने सोच वैदेशिक रोजगारको संस्थागत विकासका लागि घातक हुने भन्दै मञ्चले गठबन्धनको शसक्त प्रतिवाद गर्ने बताए।


## सर्केगाड गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**सर्केगाड, हुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

### सेवा करारमा जनशक्ति पदपुर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०५/१३ गते)**

सर्केगाड गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको मिति २०७९/०५/१२ को निर्णय अनुसार यस गाउँपालिकामा सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना (SusWA) कार्यक्रम संचालन सहयोगका लागि आवश्यक तपसिल अनुसारका जनशक्ति खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०७९/०५/२७) कार्यालय समय भित्र आवश्यक उल्लेखित कागजात र दस्तुर तिरेको रसिद सहित गाउँपालिका कार्यालयमा आवेदन पेश गर्नहुन सूचित गरिन्छ।

**तपशिलः**

| सि. नं. | विज्ञापन नं. | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १. | १५/२०७९/८० | खानेपानी सरसफाई तथा स्वच्छता संयोजक | १ |
| २. | १६/२०७९/८० | प्राविधिक सहजकर्ता | १ |
| ३. | १७/२०७९/८० | खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव**

**क) खानेपानी सरसफाई तथा स्वच्छता संयोजक**

- कम्तीमा स्नातक तह (ग्रामिण विकास, समाजसास्त्र, व्यवस्थापन या सो सरह) उतिर्ण गरि कम्तीमा ५ वर्षको ग्रामीण विकास, योजना तर्जुमा र व्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने, कम्तीमा ३ वर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा कार्य गरेको हुनु पर्ने।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको
- आधारभुत कम्पुटर (MS Word, Excel, Power Point) को ज्ञान र प्रतिवेदन क्षमता भएको
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।
- सम्बन्धित गाउँपालिकाको नागरिकलाई विशेष प्राथमिकता दिईने छ।

**ख) प्राविधिक सहजकर्ता**

- कम्तीमा सभिल ईन्जिनियरिङ विषयमा प्रविणता तह वा डिप्लोमा उतिर्ण गरि ३ वर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा सर्वे डिजायन ईष्टिमेट, अनुगमन मुल्याङ्कन सम्बन्धित कार्य गरेको हुनु पर्ने।
- आधारभुत कम्पुटर (MS word, Excel, Power Point) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको
- ACAD लगायतका सफ्टवेयरको ज्ञान भएको
- सामाजिक परिचालन तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।
- सम्बन्धित गाउँपालिकाको नागरिकलाई विशेष प्राथमिकता दिईने छ।

**ग) खानेपानी सरसफाई तथा स्वच्छता सहजकर्ता**

- कम्तीमा स्वास्थ्य वा सो सरहका विषयमा प्रविणता तह उतिर्ण गरि ५ वर्ष खानेपानी सरसफाई तथा स्वच्छता, मर्यादित महिनावारिका क्षेत्रमा कार्य गरेको हुनु पर्ने।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।
- सम्बन्धित गाउँपालिकाको नागरिकलाई विशेष प्राथमिकता दिईने छ।

**२. उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।**

**३. दरखास्त दस्तुर र जम्मा गर्नु पर्ने खाताको विवरणः** विज्ञापन नं. १५ को हकमा रु. १००० (एक हजार मात्र) तथा विज्ञापन नं. १६ र १७ का हकमा रु. ५०० (पाँच सय मात्र). दस्तुर सर्केगाड गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. ०६५०१०००००००१२०२ मा जम्मा गरेको सकल बैंक भौंचर आवेदन साथ पेश गर्नु पर्ने छ।

**४. व्यक्ति गत विवरण ढाँचा पेश गर्नु पर्नेः** आवेदकले व्यक्तिगत विवरण, नागरिकता नं. ठेगाना, शैक्षिक योग्यता, अनुभवको विवरण सहितको व्यक्तिगत विवरण ढाँचा तयार पारि आवेदन साथ पेश गर्नु पर्ने।

**५. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः** नागरिकताको प्रमाण पत्र, शैक्षीक योग्यताको प्रमाण पत्र, अनुभवका प्रमाण पत्र, तालिम प्राप्त गरेका प्रमाण पत्र

**६. छनौटको किसिमः** योग्यता क्रमको प्रारम्भीक सूची, लिखित परिक्षा, कम्प्युटर परिक्षण र अन्तरवार्ता हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# त्रिविमा बारम्बारको तालाबन्दीले काम गर्न असहज : उपकुलपति

**काठमाडौं/मस–**त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा धर्मकान्त बाँस्कोटाले विश्वविद्यालयमा निरन्तर तालाबन्दी, घेराउ र पदाधिकारी तथा कर्मचारीलाई धम्की दिइएर विश्वविद्यालयको काममा असहज अवस्था सिर्जना भएको बताएका छन् ।

विश्वविद्यालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उपकुलपति बाँस्कोटाले विद्यार्थी संगठनको नाममा एक समूहले आफ्नो कार्यकाल सुरु भएपछि कूल दुई सय ९२ दिन तालाबन्दी गरेको बताए । शैक्षिक माग सम्बोधन गर्न विद्यार्थी कल्याण र शिक्षाध्यक्षबाट निरन्तर र घण्टौं वार्तामा बसेको पनि उनले भने, 'तर शैक्षिक माग देखाउने र अनौपचारिक रुपमा आफूले भनेको व्यक्तिलाई संकाय प्रमुख वा क्याम्पस प्रमुखको नियुक्ति दिनुपर्ने माग राख्ने र पूरा नगरे भौतिक आक्रमणसम्मको धम्की निरन्तर रुपमा दिँदै आएको छ', उपकुलपति शर्माले भने ।



सम्मेलनमा त्रिवि परिसरमा सुरक्षाका दृष्टिले असहज परिस्थिति सिर्जना भएका कारण बैठक बस्न नसकेको पनि उनले बताए । त्यसैले जमलस्थित एलो पेगोडा होटेलमा त्रिवि कार्यकारी परिषद्को बैठक बस्दा विद्यार्थीको नाममा आएका १०/१५ जनाको समूहले आफूलाई त्रिवि पदाधिकारी र कर्मचारीलाई हातपात गर्ने निर्णय पुस्तिका खोस्नेकाम गरेको पत्रकार सम्मेलनमा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । यसै गरी पदाधिकारीलाई धम्कीपूर्ण एसएमएस पठाउने कार्य पनि सोही समूहबाट भइरहेको विज्ञप्तिमा जनाइएको छ । निरन्तरको अवरोधका कारण विश्वविद्यालयको अध्ययन अध्यापन, परीक्षा, कर्मचारी परिचालन, आर्थिक प्रशासन सञ्चालनलगायत अत्यावश्यक कार्यका ढिलाइ भइरहेको पनि उपकुलपति बाँस्कोटाले बताए ।

### अनेरास्ववियु र नेविसंघबीच झडप

त्रिभुवन विश्वविद्यालयमा झडप भएको छ । आइतबार त्रिभुवन विश्वविद्यालय प्रशासनको पत्रकार सम्मेलन नेविसंघका विद्यार्थी समूहले सम्मेलन विथोल्ने प्रयास गर्दा झडप भएको हो ।

त्रिवि प्रशासनले पत्रकार सम्मेलन गरेको थियो। सोहि समयमा नेविसंघले उपकुलपतिले राजीनामा दिनुपर्ने, हुबहु प्रश्नपत्रबारे छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरिनुपर्ने लगायत माग राखेर प्रदर्शन गरिरहेको थियो। प्रदर्शनलाई अनेरास्ववियुले हस्तक्षेप गर्न खोज्दा अनेरास्ववियु र नेविसंघबीच ढुंगा हानाहान भएको हो । झडपको क्रममा नेविसंघका नेता भुवन जोशी, किशोर भण्डारी लगायत दर्जन भन्दा बढी नेता कार्यकर्ता घाइते भएको भएका छन् ।

तर, त्रिविले हाम्रो फाइल लुटियो भनि प्रेस विज्ञप्ति निकालेको र सोही विषयमा राखिएको प्रेस कन्फरेन्समा आफ्ना माग सुन्नका लागि आग्रह गर्दै प्रदर्शन गरेको नेविसंघका नेता श्यामराज ओझाले बताए । त्यहि प्रदर्शनमा अनेरास्ववियुले ढुंगा हानेको उनको भनाइ छ ।

# सिन्धुपाल्चोकमा थपिए करिब चार हजार मतदाता

**सिन्धुपाल्चोक/मस–** सिन्धुपाल्चोकमा तीन हजार नौ सय ५२ मतदाता थपिएका छन् । थपिएकामध्ये पुरुष मतादाताको संख्या दुई हजार एक सय ८३ रहेको छ भने महिला मतदाताको संख्या एक हजार सात सय ६९ रहेको छ । गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा दुई लाख ५५ हजार सात सय १२ मतदाताले मताधिकार प्राप्त गरेका थिए ।



स्थानीय तहको निर्वाचनपश्चात नयाँ मतदाताहरूका लागि यही असार १ गतेदेखि फोटोसहितको मतदाता नामावली दर्ता गर्न शुरु गरिएको थियो । सरकारले मङ्सिर ४ गते संघ र प्रदेशको निर्वाचन मिति तोकेपछि २० गतेदेखि मतदाता नामावली सङ्कलन कार्य रोकिएको थियो ।

असार १ गतेदेखि साउन २० गतेसम्ममा जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन कार्यालयबाट विवरण सङ्कलन गरिएको जिल्ला निर्वाचन अधिकारी विकास रिजालले जानकारी दिए । थप भएकासहित आउँदो निर्वाचनका लागि सिन्धुपाल्चोकमा कूल मतदाताको संख्या दुई लाख ६१ हजार छ सय १७ पुगेको निर्वाचन अधिकारी रिजालले जानकारी दिए।

सिन्धुपाल्चोकमा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र दुई वटा र प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र चार वटा रहेको छ । त्यसमध्ये प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा (क) मा ६७ हजार एक सय ७६ जना मतदाता रहेका छन् । क्षेत्र नम्बर १ को प्रदेशसभा (ख) मा ६४ हजार दुई सय ५९ जना मतदाता रहेका छन्।

त्यस्तै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ को प्रदेशसभा (क) मा ६३ हजार तीन सय ८० जना मतदाता रहेका छन् । प्रदेश सभा (ख) मा ६६ हजार आठ सय दुई मतदाता रहेका छन् । आगामी मङ्सिर ३ गते १८ वर्ष पूरा भएका र फोटोसहितको मतदाता नामावलीमा नाम समावेश भएका नागरिकहरूले मङ्सिर ४ गते हुने संघ र प्रदेशको निर्वाचनमा सहभागी हुन पाउने जिल्ला निर्वाचन अधिकारी रिजालले जानकारी दिए ।

मतदाता नामावली प्रति दावीविरोध भएमा त्यसको छानबिन गरिने उनको भनाइ छ । मतदाता नामावली अद्यावधिकपश्चात हाल कायम भएका मतादाता संख्यामा थपघट हुने उनले जानकारी दिए । सिन्धुपाल्चोकको १२ स्थानीय तहमा हाल एक सय ४४ मतदान स्थल र तीन सय १६ वटा मतदान केन्द्र रहेका छन् ।

# ग्रेस इन्टरनेशनलको आयोजनामा 'अस्ट्रेलियन इडीयू फेयर २०२२' हुँदै

**काठमाडौं/मस–** ग्रेस इन्टरनेशनल एजुकेसनले 'अस्ट्रेलियन इडीयू फेयर २०२२' आयोजना गर्ने भएको छ । विगत १५ वर्षदेखि विदेश अध्ययनमा जान चाहने नेपाली विद्यार्थीलाई शैक्षिक परामर्श सेवा प्रदान गर्दै आइरहेको ग्रेस इन्टरनेशनलले अस्ट्रेलिया अध्ययन विशेष शैक्षिक मेला आयोजना गर्न लागेको हो । अस्ट्रेलिया अध्ययन विशेष शैक्षिक मेला भदौ १९ गते काठमाडौंको द होटल एभरेस्ट, नयाँ बानेश्वरमा बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।



शैक्षिक मेलाले अस्ट्रेलिया अध्ययनमा जान चाहने विद्यार्थीलाई त्यहाँको भौतिक शैक्षिक वातावरण, पछिल्लो समय भिसा पोलिसिमा भएका परिवर्तन, छात्रवृत्ति, बसोवास, अध्ययनपछि अवसरका बारेमा जानकारी दिने ग्रेस इन्टरनेशनलका निर्देशक एन्ड्रियु पौडेलले बताए । उनले भने, 'मेलामा २५ वटा भन्दा बढी अस्ट्रेलियाका शिक्षणसंस्थाका प्रतिनिधीले शैक्षिक प्रणालीको बारेमा जानकारी दिन्छन् । विद्यार्थी एंव अभिभावकलाई अस्ट्रेलिया अध्ययनबारे सम्पूर्ण जानकारी दिन यस मेलाको आयोजना गरेका हौं ।' अस्ट्रेलिया सरकारले दिने १५० भन्दा बढी विभिन्न शीर्षकका छात्रावृत्तिका बारेमा जानकारी गराउन र विश्वविद्यालयका प्रतिनिधीबाटै प्रत्यक्ष परामर्श प्रदान गर्न मेला आयोजना गरिएको उनको भनाइ छ । ग्रेस इन्टरनेशनलले देशभरका आफ्ना ९ वटा कार्यलयबाट विद्यार्थीलाई शैक्षिक परामर्श सेवा प्रदान गर्दै आएको छ ।

## कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार पुग्यो

**काठमाडौं/मस–** नेपालमा कोरोना भाइरसको संक्रमणबाट मृत्यु हुनेको संख्या १२ हजार पुगेको छ। आइतबार कोरोना संक्रमणबाट थप एक जनाको मृत्यु भएसँगै मृतकको संख्या १२ हजार पुगेको स्वास्थ्य तथा जानसंख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार थप २०२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । ३ हजार ८३३ जनाको परीक्षणमा २०२ जनामा संक्रमण पुष्टि भएको हो । २ हजार ६४ जनाको पीसीआर परीक्षण गर्दा १६४ जना र १ हजार ७६९ जनाको एन्टिजेन परीक्षण गर्दा ३८ जनामा संक्रमण देखिएको हो ।

योसँगै कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या ३ हजार ३१३ पुगेको छ । पछिल्लो २४ घण्टामा ४६२ जना संक्रमणमुक्त भएका छन् । जसमध्ये ३ हजार १५१ जना होम आइसोलेसनमा रहेका छन् भने १६२ जना संस्थागत आइसोलेसन र ४४ जना आईसीयूमा रहेका मन्त्रालयले जनाएको छ ।

## हात्ती आएको सूचना दिन 'साइरन'

**झापा/मस–** पूर्वोत्तर झापाको बाहुनडाँगी बजारमा हात्ती आएको सूचना दिन 'साइरन' जडित मेसिन राखिएको छ । मेचीनगर-४ स्थित बाहुनडाँगी बजारमा राखिएको मेसिनको उद्घाटन मेची नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकीले गरे । व्याट्री, प्यानल बक्स, तार जडित सो मेसिनले हात्ती प्रवेश गर्नासाथ सूचना दिने बताइएको छ। उज्यालो नेपालका पूर्वध्यक्ष एवं स्वयंसेवक रमेश थापाले सो साइरन मेचीनगर-४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीलाई सहयोगस्वरुप हस्तान्तरण गरेका र हात्ती आउँदा बजेको सो मेसिनको साइरनले बाहुनडाँगी बजार आसपास एक किलोमिटर क्षेत्रसम्म आवाज सुनिने बताइएको छ ।

साइरनमा मोबाइल एप्स जोडेर प्रत्येक व्यक्तिले हात्ती आएको जानकारी लिन सकिने बताइएको छ । साइरनको सुरुक्षाका लागि सशस्त्र प्रहरी बल बाहुनडाँगीलाई जिम्मा दिइएको छ । 'साइरन बजेपछि हात्ती आएको थाहा पाइन्छ', उज्यालो नेपालका स्वयंसेवक थापाले भने, 'त्यसपछि घरमै बस्दा पनि मानिसले ज्यान जोगाउन सक्छन् । हात्ती आउँदा हात्ती धपाउने होइन कि घरमा लुकेर बस्नु पर्छ ।'

# दुई मन्त्रीद्वारा राजीनामा

**कर्णाली/मस–** कर्णाली प्रदेश सरकारका दुई मन्त्रीले राजीनामा दिएका छन् । नेकपा (माओवादी केन्द्र)बाट सरकारमा सहभागी आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्ट र जलस्रोत तथा ऊर्जा विकास मन्त्री गणेशप्रसाद सिंहले राजीनामा दिएका हुन् ।



माओवादी केन्द्र संसदीय दलले उनीहरूलाई सरकारबाट फिर्ता बोलाएपछि मन्त्री पदबाट राजीनामा दिएका हुन् । राजीनामा पत्र बुझ्ने लगत्तै मुख्यमन्त्री जीवनबहादुर शाहीले दुवैको राजीनामा स्वीकृत गरीसकेका छन् ।

उनीहरूको राजीनामासँगै सरकारले सोमबार नयाँ मन्त्री नियुक्त गर्ने तयारी गरेको छ । सरकारको मन्त्रिपरिषद्लाई समावेशी बनाउन मन्त्री परिवर्तन गर्न लागिएको जनाइएको छ । सोमबार नयाँ मन्त्रीको नियुक्त हुने मुख्यमन्त्री शाहीले जानकारी दिए । माओवादी कर्णाली प्रदेश अध्यक्ष विमला केसीले मन्त्रीका लागि सांसद रातो कामी र कृष्णा शाहलाई सिफारिस गर्ने तयारी गरिएको जानकारी दिए ।

**Kuwait मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: DECUISINE CO FOR FOOD SUPPLIES — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०४/३१ — चलानी नं.: ६०१८६३०० — LT. No.: 269731

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 38 | सम्बन्धित काममा दक्ष | 90 | ३७,२८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook (Commi Cook/chef) Asst. | 0 | 10 | | 120 | ४९,७१० | | | | | | | |
| 3. | Driver | 0 | 10 | | 130 | ५३,८५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

नेपालमा Fast Food सम्बन्धि कार्यमा अनुभव भएकालाई विशेष ग्राह्यता दिइने छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 1070/073/074
**Reva Overseas Pvt. Ltd.**
Koteshwor-35, Tinkune, Kathmandu, Phone : 4591430
Mob.: 9851238207, 9851119680
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np

**UAE को SEMI GOVT. कम्पनी HEMAYA मा महिला र पुरूष PSBD Security Guard हरूको लागि रोजगारको अवसर**

कम्पनी: HEMAYA SECURITY SERVICES LLC, — DUBAI
पूर्व स्वीकृत मिति: २०७८/०७/२२ — चलानी नं.: ६०१६६९०१ — L.T. No.: 250104 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 72 | 24 | स. काममा दक्ष | 2000 | ६९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि 40 बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता होटल दिव्यश्री, पोखरा, कास्कीमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ ।
अन्तर्वार्ता होटल पाथिभरा, इटहरी, सुनसरीमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट, भरतपुर, चितवनमा २०७९ भदौ २१ गते (6 September 2022) मा हुनेछ ।
अन्तर्वार्ता होटल तुलिप, बुटवल, रुपनदेहिमा २०७९ भदौ २१गते (6 September 2022) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २२ गते (7 September 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

नोट: DPS card holder लाई प्राथमिकता दिईने छ ।

श्रम इजाजत नं. १३२४/०७४/०७५
**STARIS HR SERVICES PVT. LTD.**
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470, 9851320076, 9851176848, 9851172289, 9860778592, 9841669779, 9815476362, 9804372357, 9802909595, 9827163906

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

### कृषि औजार खरिदको लागि ई-विड मार्फत शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/१३**

यस उर्लाबारी नगरपालिकाको तपसिल बमोजिमको खरिद कार्य विद्युतिय दरभाउपत्र E–BID को माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपशिलसमा उल्लेख भएका कामका लागि इजाजत प्राप्तदरभाउपत्रदाताहरुबाट रितपूर्वक दरभाउपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

**तपसिल**

| सि. नं. | प्याकेज नं. | खरिदको आईटम | ईकाई | परिणाम | इष्टिमेट रकम (मु.अ कर बाहेक) | फारम दस्तुर | जमानत रकम | सूचना अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | कृ-१/०७९-०८० | २ एच.पि.को मोटर/बोरिङ सेट | संख्या | १४२ | ५२,३६,७७३.९८/- | ३,०००/- | १५७१००/- | ३० दिन |
| २. | कृ-२/०८९-०८० | २० एच.पि.पावर टिलर खरिद | संख्या | ५ | ११,००,०००/- | १०००/- | ३३०००/- | १५ दिन |
| ३. | कृ-/२०७९-०८० | रिपर खरिद | संख्या | ६ | १०,८०,०००/- | १०००/- | ३२४००/- | १५ दिन |

**प्रमुख प्रशासकीय अधिकृत**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

### E-BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।०५।१३**

यस उर्लाबारी नगरपालिकामा आ.व. २०७९/०८० मा उर्लाबारी न.पा. को कार्यालयमा स्कुटर तथा मोटरसाईकल खरिदको लागि शिलवन्दी दरभाउपत्र नं. ०१/०७९/०८० मिति २०७९/०५/१३ मा E-BID मार्फत बोलपत्र आव्हान गरिएकोले यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जनकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/epg वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१३ भदौ २०७९, सोमबार
29 August 2022, Monday

## सम्पादकीय

# बद्नाम बन्दै विद्यार्थी राजनीति

त्रिभुवन विश्वविद्यालय प्रशासनले गरेको पत्रकार सम्मेल भाँड्ने प्रयास गरेपछि नेवि संघ र प्रहरीबीच आइतबार झडप भएको छ । झडपमा नेवि संघका दुई कार्यकर्ता र एक प्रहरी घाइते भएका छन् । नेवि संघले गएको २७ असारदेखि त्रिविको विभिन्न कार्यालयमा लगाएको तालाबारे जानकारी दिन पत्रकार सम्मेलनको आयोजना गरेको थियो । तर पत्रकार सम्मेलन भाँड्ने प्रयास गरेपछि अनेरास्ववियु समेत प्रतिवादमा उत्रिएको थियो । नेवि संघले त्रिवि प्रशासनबाटै अनेरास्ववियु परिचालित भएको आरोप लगाएको छ । शान्तिपूर्ण प्रदर्शनमा अनेरास्ववियु उत्रिएपछि अवस्था हिंसात्मक बन्न पुगेको नेवि संघको प्रष्टोक्ति छ । झडपपछि त्रिविले विज्ञप्ति जारी गरेर आपत्ति जनाएको छ । विज्ञप्तिमा महत्वपूर्ण कागजात कब्जाकै प्रयत्न भएको उल्लेख गरिएको छ ।

नेवि संघले यसअघि पनि ताला लगाएको थियो । ताला तोडेर सञ्चालनमा ल्याइएको कार्यालयमा फेरि नेवि संघले अवरोध गरेको छ । यो अवरोध हटाउन भनेर अनेरास्ववियु प्रतिवादमा उत्रने गरेको छ । सरकारको नेतृत्व गरिररहेको नेवि संघ र प्रतिपक्षी नेकपा एमाले निकट अनेरास्ववियुबीच यसअघि पनि केहीपटक झडप भइसकेको छ । विद्यार्थी संगठनहरूकै विवादका क्रममा त्रिविका प्राध्यापकमाथि आक्रमणका घटना समेत भएका छन् । त्रिविका प्राध्यापक प्रेम चलाउनेमाथि नेवि संघका कार्यकर्ताले आक्रमण गरेका थिए । नेवि संघले भने उक्त आरोपको खण्डन गर्दै आएको छ । तर आरोपको खण्डन गरेपनि त्रिवि प्रशासनविरूद्ध लगातार नेवि संघ देखिएको छ । विद्यार्थी संगठनहरूको यस्तो अराजक क्रियाकलापले त्रिवि र मुलुकको शैक्षिक संस्थाहरू नियमित तथा निर्भय बनेर चल्न सकेको छैन ।

जबकी मुलुकको शैक्षिक सुधारको वकालत गर्ने संस्थाका रूपमा विद्यार्थी संगठनहरूले दावी गर्ने गरेका छन् । तर दावी एकातिर र गतिविधि अर्कातिर देखिने गरेको छ । पक्कै पनि विद्यार्थी संगठनहरू राजनीतिक विचारसँग जोडिएका हुन्छन्, हिजो नागरिक तथा राजनीतिक अधिकारका निम्ति यी संगठनहरूको भूमिका महत्वपूर्ण थियो । तर पछिल्लो समय भने विद्यार्थी संगठनहरू बद्नाम बन्दै गएको छ । कतिसम्म भने परीक्षामा चिट चोर्न नदिएको, चन्दा नदिएकोदेखि आफू अनुकुल अध्यापक नराखिएको जस्ता एजेण्डामा यी संगठनहरूको गतिविधि केन्द्रीत भइरहेको छ । यसले विद्यार्थी आन्दोलन बद्नाम मात्रै भइरहेको छैन, मुलुकको शैक्षिक भविष्य समेत अप्ठ्यारोमा देखिन्छ । यसतर्फ सम्बन्धित निकायले गम्भीर भएर सोच्न आवश्यक छ ।

# देवभूमि हो नेपाल

*नेपाल देवभूमि हो । हरेक युगमा यसको बर्चस्व कायम रहेको छ । सत्य, त्रेता, द्वापरदेखि करिब पाँच हजार वर्षदेखि आरम्भ भएको कलि युगमा पनि यो तपोभूमिकै रूपमा रहेको थियो । आधुनिक मेचीदेखि महाकालीसम्मको सीमाना भूमि नेपाल विश्वकै एउटै नमूना क्षेत्र हो ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

साँच्चै ने नामक तपस्वी मुनिले बस्ती बसालेकोले यस देशलाई नेपाल भनिएको हो । युगौंदेखि यसको छुट्टै अस्तित्व रहेको थियो । संस्कृत भाषामा नयेन पाल्यते इति नयपालः भनिन्छ । न्यायद्धारा धर्मको समेत रक्षा गरी जहाँ राज्य संचालन हुन्छ, त्यो राज्यलाई नेपाल भनिएको हो । संस्कृत भाषा नयपाल अपभ्रंश हुँदा हाम्रो देश नेपाल भएको हो ।

यो देश हिमालयको काखमा रहेको छ । यो शिव र शक्ति अर्थात् महादेव र पार्वतीको बासस्थल हो । सतीदेवीले आफ्नो प्राण त्याग गरे पछि शिवकै इच्छाअनुसार हिमालय पर्वतराज पुत्री भएर यसै हिमालय क्षेत्रमा जन्म लिई श्री शिवलाई पुनः प्राप्त गरेकी हुन् । सतीदेवीको पछिल्लो रूप हिमालय पर्वत राज महारानी मेनकाको गर्भबाट पार्वतीको रूपमा जन्म भएको हो । उनै पार्वतीका नामले पश्चिम हाम्रो क्षेत्र पर्वत जिल्ला र त्यहाँ रहेका अनेकौं पर्यटकीय स्थल देखाएर हामी विदेशी मुद्रा आर्जन गरिरहेका छौं । हिमालयको शिखर सगरमाथाको प्राचीन नाम ब्योमकुट हो, जुन विश्वमै सर्वोच्च छ । संसारबाटै सगरमाथा हेर्न र चढ्न आउनेको संख्या कमी छैन हामी कहाँ । तीजको परम्परा उनै पार्वतीका कारण शुरु भएको हो ।

राजनैतिकरूपमा दृष्टिगत गर्दा नेपालमा पहिले गोपालबंशीहरुले राज्य गरेका थिए । भुक्तमान, जय गुप्त, परमगुप्त, यज्ञ गुप्त आदि राजाहरुले पाँच सय वर्षसम्म राज्य गरे । त्यसपछि महिपाल (जसलाई अहिर भनिन्छ)हरुले शासन गरे । शुरुमा नेपाल भन्नाले काठमाडौं उपत्यका मात्रलाई जनाउँथ्यो । मूल सिंह, जय सिंह, भुवन सिंह राजाहरुले झण्डै सय वर्ष राज्य गरेपछि उपत्यकाको राज्य संचालनको जिम्मा किराँतहरुले लिए । एक हजार वर्षसम्म करिब यिनीहरुले राज्य गरे । यलम्बरलाई किराँतकालीन प्रथम शासक मानिएको कुरा इतिहासविद्हरु बताउँछन् । बौद्ध धर्मको पनि बाहुल्यता भएको कुरा विदेशी लेखक राइटले बताएका छन् । काठमाडौंमा स्वयम्भु चैत्य र बौद्ध स्तुपहरु भव्यरूपमा निर्माण छन्, आज त्यहीँ विदेशी पर्यटकहरुको भीड भाड छ । नेपालको इतिहास स्थापना गर्ने कार्यमा महामुनि मञ्जुश्रीको नाम अग्रस्थानमा रहेको पाइन्छ । यो पनि विदेशी पर्यटककै देन हो ।

पशुपति मन्दिर परिसरमा स्थापित वि.सं. ७९० को अभिलेखमा लिच्छवी वंशका प्रथम राजा जयदेव प्रथम भनिएको छ । प्रसिद्ध कैलाशकुट भवन, चाँगुनारायणको मन्दिर, बूढानीलकण्ठ स्थान आदिको स्थापनामा मानदेवको नाम अग्रणीरूपमा आउँछ । यी सबै हाल विश्व सम्पदा सूचीमा सूचीकृत छन् । इतिहासले राजा मानदेवलाई प्रथम लिच्छबी राजा मानेको छ । राजा मानदेव र उनका पालामा बनेका धेरै बौद्ध स्तूपहरु छन् यहाँ । वि.सं. ९३७ सँगसँगै नेपाल मल्लकालीन समयमा अवतरण हुन्छ । मल्ल शासनकालका प्रथम राजा अरिमल्ल, उनका छोरा अभय मल्ल र यस पछि क्रमशः जयस्थिति मल्लको अभ्युदय भएको हो । यक्ष मल्लको समयमा आइपुग्दा नेपालको सीमाकंन विस्तृत भएको र छोराहरुलाई राज्य सुम्पदा काठमाडौं, भक्तपुर र पाटन छुट्टिएको देखिन्छ । भक्तपुरमा भुपतीन्द्र मल्लद्धारा बनाउन लगाइएका कला कौशलले पूर्ण मन्दिरहरु धेरै छन् । पाटनमा सिद्धिनरसिंह मल्लले बनाउन लगाएका कलाकारीताले पूर्ण भएका मन्दिरहरु धेरै छन् । काठमाडौंमा प्रताप मल्लका पालामा बनेका सयौं मन्दिरहरु छन् भने रानी पोखरी पनि उनकै पालामा बनेको हो । गाईजात्राको प्रसङ्ग यिनैबाट शुर हुन्छ । न्यायको, नैतिकताको आधारमा राज्य संचालन हुने, आवश्यकताअनुसार मठ मन्दिरहरु बन्ने गरेकाले पुर्ख्यौली सम्पदाबाट हामी अझै धनी भएका छौं । हनुमान ढोका, कुमारी स्थानकै कारण भाद्र शुक्ल चतुर्दशी कुमारी जात्राको प्रसंग यहीँ जोडिन्छ ।

हाम्रो मुलुक देवभूमि हो । हरेक युगमा यसको बर्चस्व कायम रहेको छ । सत्य, त्रेता, द्वापरदेखि करिब पाँच हजार वर्षदेखि आरम्भ भएको कलि युगमा पनि यो तपोभूमिकै रूपमा रहेको छ । आधुनिक मेचीदेखि महाकालीसम्मको सीमाना भूमि नेपाल विश्वकै एउटै नमूना क्षेत्र हो । पृथ्वीको सबैभन्दा ठूलो एशिया महाद्धिपको मध्य भागमा रहेको यो मुलुक भारत र चीनका बीचमा छ । आर्थिक विकासको दृष्टिले निकै अगाडि बढेका दुई छिमेकी भारत र चीनसँग यसको विशेष सम्बन्ध रही आएको छ । सरदर १९३ कि.मि. उत्तर-दक्षिण चौडाई र पूर्व-पश्चिम सरदर



*विश्व साहित्यका प्रणेता व्यास, वाल्मीकीलगायत उच्च विशिष्ट व्यक्तिहरूवाट तयार भएको वेद, उपनिषद्, पुराणका ग्रन्थ तथा हिन्दू, वौद्ध सभ्यतालाई वडो भरपर्दोरूपले व्यवस्थित गर्न सके हामीलाई कहिल्यै अर्काको हात थाप्नु पर्दैन । पूर्वी सभ्यताको खोजी गर्दैछन् पश्चिमाहरू यहाँ आएका छन् । नेपाल उनीहरूको लागि अध्ययन क्षेत्र बनेको छ । हामीले भने हामीसँग भएको धर्म, संस्कृति, जल, जमिन, जंगल र जडीबुटीको सदुपयोग गर्न सकेका छैनौ ।*

८८५ कि.मि. लम्बाई क्षेत्र ओगटेको यसको क्षेत्र पूर्वी भागको अपेक्षा पश्चिम भाग फराकिलो छ । भौगोलिक दृष्टिले विश्व मान चित्रमा सानो आकार भए पनि विश्वको शिखर सगरमाथाको कारण र विश्वमै नौलो प्राकृतिक, सांस्कृतिक, सामाजिक परिवेश भएकाले यो मुलुकप्रति सबैको चासो बढ्नु स्वाभाविक हो । यसको कूल भू-भागको झण्डै ७७ प्रतिशत उच्च हिमाली क्षेत्र र पहाडी क्षेत्र तथा झण्डै २३ प्रतिशत क्षेत्र तराई भागमा पर्छ । धरातलीय आधारमा यसलाई हिमाली, पहाडी र तराई गरी तीन क्षेत्रमा वर्गीकरण गरिएको छ भने अपार जल स्रोतको भण्डार रहेको यो मुलुक लामो विगतदेखि नै पर्यटकहरुको आकर्षणको केन्द्रबिन्दु बनेको छ ।

उत्तर तिब्बततर्फ सीमाना २५ कि.मि.देखि ५० कि.मि.सम्मको चौडाइमा रहेको नेपालको क्षेत्रले करिब १५ प्रतिशत भू-भाग ओगटेको छ भने अग्ला हिमशिखर कञ्चनजङ्गा, मकालु, ल्होत्से, मनासलु, धवलागिरीसम्म यसै क्षेत्रमा पर्छन् । शेर्पा, थकाली, भोटे आदिको अधीक बस्ती रहेको यो क्षेत्रमा आधुनिक विकासको न्यानो घाम लाग्न नसके पनि पर्यटकहरुको घुइँचो नै लाग्ने गरेको छ त्यस क्षेत्रमा । बौद्ध धर्मावलम्वीहरुको अधीक बाहुल्यता रहेको यो हिमाली क्षेत्रमा संचार, यातायात, शिक्षा, विद्युत् जस्ता विकासका पूर्वाधार तयार गर्ने हो भने, हामीले कल्पना गरेको जस्तो होम स्टे तयार गर्ने हो भने पर्यटकहरु थामी सक्नु हुँदैन त्यहाँ । ७७ जिल्ला मध्ये १६ वटा जिल्ला ओगटेको हिमाली क्षेत्रको संस्कृति छुट्टै किसिमको छ । समुद्रबाट टाढा रहेका कारण तेस्रो मुलुकसँग सम्पर्क गर्न कठीनाइ भएको यो क्षेत्र समुद्र सतहबाट ६ सयदेखि ३ हजार मीटरसम्मको उचाइमा रहेको छ । पूर्व-पश्चिम कडा चट्टानी भाग रहेको यो क्षेत्र ७५ कि.मि. देखि १२५ कि.मि. चौडाई पूर्व पश्चिम फैलिएको छ । यो पहाडी क्षेत्रले कूल भू-भागको ६८ प्रतिशत क्षेत्र ओगटेको छ । महाभारतको लेक, रारा, ताल, फेवा ताल, सिवालिक पहाड जस्ता ऐतिहासिक धरोहर बोकेको पहाडी क्षेत्रकै कारण यो मुलुकलाई पहाडी मुलुक भनिएको हो । गण्डकी, कोशी, कर्णाली, सुनकोशी, त्रिशुली, महाकाली जस्ता अति पवित्र नदीहरु यहीँ छन् । स्वर्गबाट झरेका, शिव जटाबाट बगेका पावन नदीनालाहरुले हिमाली क्षेत्रदेखि यस भू-क्षेत्रसम्मलाई पवित्र पार्दै भारतको प्रसिद्ध क्षेत्र गंगासागरसम्म पुगेका छन् । अयोध्याको क्षेत्रमा वग्ने पवित्र सरयु नदी नेपाल पश्चिम क्षेत्रकी कर्णाली, महाकाली हुन् । वागमती, विष्णुमती हिजोआज प्रदुषित देखिए पनि तिनको उद्गम क्षेत्र शिवपुरी स्वयम् शिवजटा नै हो । गहिरो अरुण, पूर्वको कोशी अनि वहुचर्चित मेलम्ची पनि यिनै पहाडी क्षेत्रवाट बगेकी छन् । यी सबैको ऐतिहासिक यथार्थ विदेशीहरुलाई बुझाउन सके पर्यटकहरुको कमी हुन्न यहाँ ।

राजधानी काठमाडौं, सुन्दर पर्यटकीय नगरी पोखरा, विशाल क्षेत्र ओगटेको सुर्खेतको देउती बज्यै र काँक्रे विहार, अत्यन्त रमणीय क्षेत्र डोटीको शैलेश्वरी, डँडेल्धुराको उग्रतारा, दिपायलको राजापुर के छैन हामीकहाँ ? सिन्धुलीको सभ्यतादेखि रुम्जाटार, बेलटार, मङ्गलटार, पाँचखाल हुँदै पश्चिम रेसुङ्गादेखि रुरुसम्मको क्षेत्र र पवित्र आर्यघाटदेखि देवघाट सम्मको क्षेत्र प्रवेश गर्दासम्म पनि स्वर्णीम आनन्दको अनुभूति हुन्छ जो कोहीलाई पनि । जनकपुरको जानकी क्षेत्रदेखि नवलपरासीको त्रिवेणी क्षेत्र र डडेलधुराकी उग्रतारादेखि डोटीकी शैलेश्वरीसम्मले यो भू-भागलाई तीव्रतर देवभूमि र आनन्दभूमि बनाएको छ । देशको दुई तिहाई भू-भाग ओगटेको पहाडी क्षेत्रका ३९ वटा जिल्लाहरु र पूर्वमा माईपोखरीदेखि पश्चिममा महाकालीको ब्रह्मदेव क्षेत्रसम्म पावन र पवित्र छ । ब्राह्मण, क्षेत्री, किँरात, मगर, नेवार, तामाङ आदि विभिन्न जात जातिका मानिसहरु आपसी समन्वयका साथ यस क्षेत्रमा बस्दै आएका छन् । जातिपातिमा बैमनस्यता कहिल्यै भएको थिएन । त्यही हेर्न ,बुझ्न र चिन्तन मनन् गर्न आउँछन् यहाँ विदेशी पर्यटकहरु ।

दक्षिण समथर भू-भाग मुलुकको झण्डै १७ प्रतिशतले ओगटेको तराई क्षेत्र हो । हिमश्रृंखलाहरुको विशाल समथर आँगन हो यो । भारतसितको सम्बन्ध, आयात-निर्यात व्यापार र राजश्वको स्रोत क्षेत्र तराई नै हो । कृषिको लागि यो क्षेत्र उर्वर छ । औद्योगिक कलकारखाना, यातायातको सुगमता, पूर्वाधार तयार गर्न सजिलो, जीवनस्तर सरल आदिको कारण तराई क्षेत्र नेपालको आर्थिक विकासको अर्को आधार नै हो । मैथिली, भोजपुरी, अवधी, थारु आदि भाषाको बाहुल्यता रहेको यो क्षेत्रमा औंलो उन्मूलन पछि झण्डै पाँच दशक यतादेखि पहाडी एवम् हिमाली भेगका मानिसहरु त्यहाँ बसाई सरी बस्दै आएका छन् । विराटनगर, वीरगञ्ज, जनकपुर, भैरहवा, नेपालगंज, धनगडी, कंचनपुर जस्ता औद्योगिक नगरीहरु यस क्षेत्रमा रहेका छन् । व्यापार, वाणिज्यका दृष्टिले यी शहरहरु उन्नत छन् ।

अहिंसा परमो धर्म नेपालको शान्ति, मैत्री र अहिँसा विश्वको लागि उदाहरण बन्नु नै पर्ने हुन्छ । सबै वैदिक सनातन धर्मका आदीम स्रष्टा विश्व साहित्यका आदि कवि वेदव्यास, महर्षि वाल्मीकीसमेतको तपस्थली नेपाल भूमि नै हो । त्रेतायुगका सूर्यवंशी राम आफ्ना पितृ उद्धार गर्न नेपालको पश्चिम क्षेत्रमा पर्यटक भई डोटीमा आएका थिए । साथमा रहेकी सीताको नामले सेती नदी अहिलेसम्म बग्दैछ त्यहाँ । विश्व साहित्यका प्रणेता व्यास, वाल्मीकीलगायत उच्च विशिष्ट व्यक्तिहरुवाट तयार भएको वेद, उपनिषद्, पुराणका ग्रन्थ तथा हिन्दू, वौद्ध सभ्यतालाई वडो भरपर्दोरूपले व्यवस्थित गर्न सके हामीलाई कहिल्यै अर्काको हात थाप्नु पर्दैन । पूर्वी सभ्यताको खोजी गर्दैछन् पश्चिमाहरु यहाँ आएका छन् । नेपाल उनीहरुको लागि अध्ययन क्षेत्र बनेको छ । हामीले भने हामीसँग भएको धर्म, संस्कृति, जल, जमिन, जंगल र जडीबुटीको सदुपयोग गर्न सकेका छैनौ ।

## सामाजिक सञ्जाल



- विनोद न्यौपाने

समानुपातिक सांसदका लागि सिफारिस गरेको व्यक्ति : विधेयक बनाउने क्षमता, विधेयकमा छलफल गर्ने क्षमता, नेपाली समाज, संस्कार, संस्कृति र भूगोल बुझेको छ छैन त्यो जाँच्नु पर्ने भएकाले समानुपातिक नामहरू पहिले बाहिर ल्याउनुपर्छ । पार्टी  सिट बेच्ने, उ गएर स्वार्थ अनुकुल मुलुकको नीतिमा खेल्ने काम बन्द गरिनुपर्छ ।



- प्रेम घर्ती मगर

कुनै पनि काम कुरा सही समयमा, सही तरिकाले, सही ठाउँमा भएन भने त्यसको परिणाम गलत आउँछ र गलत सन्देश जान्छ । झन् चाडपर्व, संस्कृतिको कुरा गर्नुपर्दा आउने पिँढीमा नराम्रो असर पर्छ र गलत कुराले निरन्तरता पाउनेछ । त्यसैले, कृपया समाजमा विकृति फैलाउने काम नगर्नुहोस् ।



- बिमल पोखरेल

प्रदीप खड्का कडा र ज्या[illegible]ो मान्छे रैछन् । फिल्म हलवालालाई थर्काएरै आफ्नो फिल्म लगाएर निर्मातालाई नाफा दिलाउने भए । नेता र अभिनेता दुवै हुने खुबी रैछ । रेखा थापा र प्रदीप खड्का राजनीति पनि बुझ्ने र गर्न सक्ने खुबी भएका कलाकार रैछन् । खुसी लाग्यो ।



- पेशल पोखरेल

नर्भिक हस्पिटलले २४ घण्टा नबित्दै न्याय किनेर स्टेअर्डर ल्यायो र अहिले स्टेअर्डर आएको यतिका दिन भैसक्दा समेत पेशि तोक्दैन अदालतले । यसरी नै भोलि असहयोग होला भनेर नै बालेन सेम डे एक्सनमा गएका हुन् भन्ने लाग्छ । भोलि पर्खे त स्टे अर्डर किनेर ल्याई हाल्छन्, न्याय बिक्ने देशमा ।



- ओमकुमार थापा

नेपालमा अवैध संरचना भत्काउँदा राजनीतिक पार्टीको अवरोध र अदालतको आदेश आउँछ तर, भारतको नोयडामा नक्सा विपरीत बनाइएका गगनचुम्बी दुई टावर भत्काउन त्यहाँको सर्वोच्च अदालतले आदेश दिएपछि आज भत्काइएको छ । नियम कानुन पालना गर्न सबै तयार र जागरूक हुनुपर्छ भन्ने कुरा कहिले बुझ्ने खै ?

# अनुत्तरित प्रश्नहरुको जवाफ खोजिरहँदा !

विचार



● खिमराज गिरी

हामीले तिरेको कर कहाँ जान्छ ? उठेको राजस्व कुन क्षेत्रतर्फ बढी प्रवाह हुन्छ, त्यसका निमित्त सुक्ष्म अध्ययनको आवश्यकता पर्दैन ? सडकमा गुड्ने अत्यन्त महँगा-महँगा तर नयाँ-नयाँ गाडीहरुलाई हेरे पुग्छ । सरकारको स्वामित्वमा रहेका रातो नम्बर प्लेटका गाडीहरुको प्रयोजन बुझ्निसक्नु छ ।

एक वर्ष अगाडि पनि विभिन्न पत्रपत्रीकाहरुमा "हामीले तिरेको कर कहाँ जान्छ ?" शीर्षक लेखको व्यापक चर्चा परिचर्चा भएको थियो र अहिले पनि यसको सान्दर्भिकता औंल्याउंदै पंक्तिकारले केही लेख्ने प्रयास गरेको छ । यथार्थपरक यो लेखले साँच्चै हाम्रोजस्तो अविकसित देशमा जनताले खाई नखाई तिरेको करको सदुपयोग कसरी भइराखेको छ भन्ने कुराको वास्तविकता उजागर भएको थियो र अहिलेको सरकारको रवैया पनि त्यस्तै देखिएको छ जुन पहिला पनि हुने गर्थ्यो । आखिर जनताले प्रश्न सोध्छन् नै : संघीय संसदको काम के ? संसदको लेखा समितिको औचित्य कतिसम्म अनि सरकारले उसको निर्देशन पालन गरेको छ त ? खर्चको सुनिश्चितता र पारदर्शिताको लेखाजोखा गर्ने महालेखापरिक्षकको कार्यालयले के हेर्छ ? आदि यी अनुत्तरित प्रश्नहरुको जवाफ खोजिरहेका छन् जनताले । तर, राज्यका सम्बन्धित निकायहरु भने मौन हुन्छन् किन ?

कतिपय सरकारी कार्यालयमा मर्मत गरेर चल्ने खालका गाडीहरु घाँसले छोपिएर राखेका प्रशस्तै भेटिन्छन् तर, सरकारी निकायको ध्यान त्यतातिर जाँदैन । त्यस्तो

*स्थानीयदेखि केन्द्र सरकारसम्म अनेकन शीर्षकमा बेथितिको चाङ्ग छ । जनस्तरबाट निरन्तर प्रश्न उठेको भएपनि त्यसलाई सम्बोधन गर्ने न त कुनै निकाय छ न त कसैको पहल । आज बढ्दो बेथितिकै कारण जनतामा चरम निराशा पैदा भएको छ । विशेषतः युवाहरू पलायन हुने अवस्था बनेको कारण पनि यही हो ।*

अवस्थाको न त जनप्रतिनिधिको निकायले निगरानी गर्छ, न त अन्य अधिकार सम्पन्न सरकारी निकायले । तर, हामीले तिरेको करबाट बनेको राज्यको ढुकुटीको दोहन गरेर नयाँ-नयाँ सामाग्रीहरु किन्नै पर्ने अवस्था भने विद्यमान छ । त्यो पनि महँगा र चिल्ला गाडीमा सयर गर्नुपर्ने संस्कृ तबनेको




छ । सुबिधाको नाममा संकोच र दुबिधा नमानी आफु र आफ्ना परिवारलाई विदेश भ्रमणमा जानैपर्ने अवस्था छ । राज्यका हरेक तहका नेता, पदाधिकारीलाई गाडीदेखि लिएर हरेक सेवा सुबिधा बाँड्नै पर्ने आदि कारणले गर्दा विकासको गतिमा देश कसरी अगाडि बढ्छ ? आज बेथिति तलदेखि माथिसम्मै चुलिएको छ । स्थानीयदेखि केन्द्र सरकारसम्म अनेकन शीर्षकमा बेथितिको चाङ्ग छ । जनस्तरबाट निरन्तर प्रश्न उठेको भएपनि त्यसलाई सम्बोधन गर्ने न त कुनै निकाय छ न त कसैको पहल । आज बढ्दो बेथितिकै कारण जनतामा चरम निराशा पैदा भएको छ । विशेषतः युवाहरु पलायन हुने अवस्था बनेको कारण पनि यही हो । युवाहरु पलायनको कारण यो परिपाटीले सिर्जना गराएको निराशा पनि हो ।

तसर्थ, अहिलेको आवश्यकता बेथितिको अन्त्य गर्नु हो । सबै निकायहरु आफ्नो भूमिकाप्रति जिम्मेवार हुनु पनि अहिलेको आवश्यकता हो । प्रश्न उठेका विषयप्रति जवाफदेहिताको खोजी जनताले गरेका छन् । त्यसकारण राज्यका हरेक निकायले आफ्नो नैतिक धरातल नगुमाई पारिवारिक सातपुस्ते चिन्तनबाट टाढा रहेर आ-आफ्नो क्षेत्रबाट कम्सेकम राज्य र जनताको लागि सोंच्न सक्ने हो भनेमात्र देश र जनताको लागि केही लाभ होला । यदी त्यसो भएन भने, हामी जहाँको त्यहीँ हुनेछौ । ता कि, दुई/चार डोज खोपको लागि पनि भुटान जस्ता मुलुकको भर पर्नुपर्ने अवस्था फेरि पनि आइरहने छ ।

# नेपाली महिला समाज कतारको तीज विशेष कार्यक्रम सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ भदौ

नेपाली महिला समाज कतारले हरितालिका तीजको अवसर पारेर 'रमाइलो तीज, तथा सचेतना कार्यक्रम' भव्यताका साथ सम्पन्न गरेको छ । वर्षौंदेखि परदेशमा दिदी बहिनीहरूलाई दर खुवाउँदै विभिन्न सांस्कृतिक कार्यक्रम पस्कँदै आएको महिला समाजले यो पटक पनि भव्यरूपमा कार्यक्रम सम्पन्न गरेको हो ।

समाजकी अध्यक्ष सरिता भण्डारी पौडेलको सभापतित्व तथा नेपाली दूतावास कतारका राजदूत डा. नरेश विक्रम ढकालको प्रमुख आथित्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कतारमा रहेका विभिन्न वैचारिक, सामाजिक, जिल्ला तथा सामुदायिक संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

आफ्नो शुभकामना मन्तव्य राख्दै राजदूत ढकालले प्रवासमा रहेर पनि आफ्नो डिउटीबाट बचेको समयलाई सदुपयोग गर्दै नारीहरूको महान चाड तीजमा वृहत् कार्यक्रम गर्न सफल भएकोमा समस्त नेपाली चेलीहरूलाई शुभकामना व्यक्त गरे । ढकालले नेपाली महिलाहरूलाई कुनै पनि समस्या परेको खण्डमा दूतवासमा आएमा दूतावास सदैव सहयोग गर्न तत्पर रहेको बताए ।

कार्यक्रममा बोल्ने वक्ताहरूले समाजले गरेको 'तीज विशेष' कार्यक्रमको प्रशंसा गरेका थिए ।



ओसिस बिच क्लबको हलमा रातो साडीमा सजिएका महिलाहरूले हल भरिभराउ थियो । प्रवेश निःशुल्क गरिएको कार्यक्रममा उपस्थितलाई हलले थेग्न सकेको थिएन ।

कार्यक्रम सञ्चालिकाद्वय कामना केसी र सन्ध्या अर्यालले पटक-पटक भीड व्यवस्थापनका लागि आग्रह नै गर्नु परेको थियो ।

विधिवत उद्घाटनसहित अघि बढेको कार्यक्रममा प्रथम उपाध्यक्ष माया केसीले स्वागत मन्तव्य राखेको कार्यक्रममा कतारमा रहेका थुप्रै कलाकारले सांगीतिक प्रस्तुति दिए ।

रेष्मी वि.क., रेविका तामाङ, समृद्धि सापकोटा, शान्ति वली, जिया हमाल, कृजल पन्थी, प्रज्ञा निउरे, सपना परियार, सृष्टि श्रेष्ठ, बर्बी खड्का, आरोही थापा, दिया सिंह, आरुषी रिजाल, गुना मगर, सजना स्वर्णकार, दिपा वली, सृष्टि लामा लगायतले आफ्ना प्रस्तुतिमार्फत उपस्थितलाई छमछमी नचाएका थिए । प्रस्तुति दिने कलाकारहरूलाई समाजले कदर पत्र तथा पारिश्रमिकद्वारा सम्मान गरेको थियो ।

कतारमा रहेका विभिन्न संघसंस्था सह-आयोजक रहेको कार्यक्रमको समापन गर्दै सभापति पौडेलले कतारमा रहेका नेपाली दिदीबहिनीको साझा संस्था महिला समाज रहेको बताउँदै कसैलाई समस्या परेमा समाजलाई सम्झिन आग्रह गरिन् ।

उनले आफूहरू महिलाहरूसँग सहकार्य गर्दै अगाडि बढ्ने बताउँदै कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरिन् । उक्त तीज कार्यक्रमका लागि मध्यान्ह दैनिक अफिसियल मिडिया पार्टनर रहेको थियो ।


## बीमालेख हराएको सूचना

यस कम्पनीले जारी गरेको श्री सम्यक खनाल बीमालेख नं. ११४००६६११ को बीमालेख मिति २०७९/०२/१६ गतेमा हराएको हुँदा फेलापार्नुहुने महानुभवले निम्न लिखित ठेगानामा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**शाखा कार्यालय, काठमाडौं**
**फोनं ४१६९१२९, ४१६९१३०**
**पोष्ट बक्स नं. ११०३०**



## कतारमा रोजगारको अवसर

१. कम्पनी : ORIENTAL AL MALKI
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०७/३० | चलानी नं.: ६०१६७८६६ | L.T. No.: 250746 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : WORKSAVERS CONTRACTINGS & TRADINGS WLL
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/०३ | चलानी नं.: ६०१८१२८८ | L.T. No.: 265203 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bellman | 0 | 9 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier (Female) | 0 | 8 | | 1300 | ४५,२४० | | | | | | | |
| 3. | Chef | 0 | 1 | | 1500 | ५२,२०० | | | | | | | |
| 4. | Gen Clean Worker | 0 | 3 | | 1000 | ३४,८०० | | | | | | | |
| 5. | Ground Steward | 0 | 6 | | 1000 | ३४,८०० | | | | | | | |

३. कम्पनी : RAYYAN GATE PROJECTS WLL
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०३/१९ | चलानी नं.: ६०१८२३९१ | L.T. No.: 266399 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cabling Tech. | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 4 | 0 | | 1400 | ४८,७२० | | | | | | | |
| 3. | Driver | 4 | 0 | | 1400 | ४८,७२० | | | | | | | |
| 4. | Electricain | 15 | 0 | | 1100 | ३८,२८० | | | | | | | |
| 5. | Foreman | 10 | 0 | | 2500 | ८६,१५० | | | | | | | |
| 6. | Labourer | 5 | 0 | | 1000 | ३४,८०० | | | | | | | |
| 7. | Plumber | 10 | 0 | | 1100 | ३८,२८० | | | | | | | |
| 8. | Technicain | 6 | 0 | | 1100 | ३७,९०६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

WAHAA MANPOWERS SUPPLIER
Govt Lic No. 469/060/061

**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566
Email:wahaa.nepal@gmail.com/ 9851049622, 9851071299, 9803100224


# सदाबहार सामुदायिक वनको अध्यक्षमा जैसी

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, १२ भदौ

सदाबहार सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा निमे जैसी निर्वाचित भएका छन् ।

दाङको शान्तिनगर गाउँपालिका वडा नम्बर १ र २ तथा बबई गाउँपालिकाको वडा नम्बर ६ मा रहेको वनको अध्यक्षमा उनी शनिबार निर्वाचित बनेको हुन् । उनका निकटतम प्रतिद्वन्दी चेत बहादुर डाँगीले १६१ प्राप्त गरेका थिए । निर्वाचन अधिकृत पूर्ण बहादुर वलीका अनुसार अध्यक्षमा निर्वाचित जैसीले १९८ मत प्राप्त गरेका थिए । अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरु यसअघि नै सर्वसहमत चयन भइसकेका छन् । अध्यक्ष पदका लागि २ जना चुनावी प्रतिस्पर्धामा उत्रिए पनि निर्वाचनमा जानुपरेको थियो ।



४ सय २७ मतदाता रहेको वनको निर्वाचनमा ३ सय ७७ मत खसेको थियो । निर्वाचन प्रक्रिया शनिबार बिहान ७ बजेबाट शुरु भएको थियो । निर्वाचनमा १८ वटा मत बदर भएको निर्वाचन अधिकृत वलीले जानकारी दिए ।


## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अन्नपूर्ण भोजपुर

### गिटी, ढुंगा, वालुवा संकलन तथा बिक्री गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः- २०७९/०५/१३**

टेम्केमैयुङ गाउँपालिकाले तपसिलमा उल्लेखित नदि नाला तथा खानीको गिटी, ढुंगा तथा वालुवा संकलन तथा बिक्री गर्न न्यूनतम अंकमा नघटने गरी आ. व. २०७९/०८० को लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यवसायी, कम्पनी तथा फर्महरुबाट नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र (PAN), फर्म वा कम्पनीहरुबाट आ. व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्रहरुका प्रतिलिपी पेश गरी निम्न बमोजिम रित पुऱ्याइ ठेक्काको लागि तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न बमोजिमका स्थानहरुबाट गिटी, ढुंगा, रोडा तथा वालुवा संकलन र बिक्री गर्न शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरीएको छ ।

**तपशिल**

| ठेक्का न. | संकलन केन्द्र वा खानीको नाम | उत्खनन् परिणाम (घन मिटर) | फारम शुल्क रु. | न्युनतम र कम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| ०२/आय/टेम्के/०७९/०८० | पिखुवा खोला सेतिबगर, हिङ्खुवा खोला, याङटाङ खोला, वाचिम्ले खोला र खुङ्गे खोला क्षेत्र | ढुङागा् ४<br>बालुवा ७०० | १,०००/- | २,०२,१४०.५० |
| ०३/आय/टेम्के/०७९/०८० | गोगने खोला, सिक्तेल खोला दोभान पिखुवा, सिरुवानि खोला र राउते खोला क्षेत्र | ढुङगा् ५००<br>बालुवा ७०० | १,०००/- | २,२३,३९९.०० |

दृष्टव्यः-
गिटी, ढुंगा, वालुवा संकलन तथा विक्रि गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचनाका शर्तहरु यस गाउँपालिकाको वेवसाइट www.tyamkemaiyummun.gov.np मा हेर्न सकिनेछ । थप जानकारीको लागी प्राविधिक शाखाको मेबाईल नं. ९८४१९८२५०९ र ९८४२०९९५७१ मा बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**टेम्केमैयुङ गाउँपालिका, अन्नपूर्ण भोजपुर**



Provincial Government
Lumbini Province
Ministry of Tourism, Rural and Urban Development
**Urban Development & Building Office**
Nepalgunj, Banke

## Invitation for Bids

**IFB No.UDBO/BANKE/WORK/079-080**
**Date of publication: 2079/05/13**

1. Urban Development & Building Office, Banke invites electronic bids from Nepalese eligible bidders for the Construction Of following work under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Brief description of the Works | T.Estimated Amount (with Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/BANKE/NCB/ WORK/RADHAKRISHNA. Blg/079-080/01 | Construction of Radha Krishna Temple (dharamshala) Blg Nepalgunj -5, Banke | 3999934.79 | 3000 | 100000 |
| 2. | UDBO/BANKE/NCB/ WORK/MOHANPUR/ 079-080/02 | Construction of Brick Masonry Drain, Bansagadhi Na.Pa. Mohanpur Machhagadh, Bardiya | 2999504.53 | 3000 | 75000 |
| 3. | UDBO/BANKE/NCB/ WORK/MADHUWAN. DRAIN/079-080/03 | Construction of Rcc Drain at Madhuwan-8 Kusumba Bazar, Bardiya | 3007229.48 | 3000 | 77000 |
| 4. | UDBO/BANKE/NCB/ WORK/FADERA. DRAIN/079-080/04 | Construction of RCC drain and upgradation of road at Raptisonari-7, Fadera, Banke | 3999910.06 | 3000 | 100000 |
| 5. | UDBO/BANKE/NCB/ WORK/NPJ.DARIN/ 079-080/05 | Construction of RCC drain and upgradation of road from Dr. Anil home to main road at Npj-10, Banke | 3999977.52 | 3000 | 100000 |
| 6. | UDBO/BANKE/NCB/ WORK/COMPOUND. WALL/079-080/06 | Construction of compound wall and crematorium at Samsanghat of Nepalgunj-13 Udaypur, Banke | 3999614.25 | 3000 | 100000 |
| 7. | UDBO/BANKE/NCB/ WORK/PULCHOWK. DRAIN/079-080/07 | Construction of RCC drain and upgradation of road at Khajura-2, Pulchowk, Banke | 2499654.8 | 3000 | 64000 |
| 8. | UDBO/BANKE/NCB/ WORK/UDBO.BLG/ 079-080/08 | Construction of First Floor and maintenance work at UDBO, Banke | 2999751.55 | 3000 | 76000 |
| 9. | UDBO/BANKE/NCB/ WORK/RAHJENA. DRAIN/079-080/09 | Construction of R.C.C. Drain & Upgradation of Road at Khajura-5 Rajhena Banke | 3999919.71 | 3000 | 100000 |
| 10. | UDBO/BANKE/NCB/ WORK/BAKOTIYA. DRAIN/079-080/10 | Construction of Brick Masonry Drain Badhaiyatal-07 Bakotiya Basti, Bardiya | 3999658.5 | 3000 | 100000 |
| 11. | UDBO/BANKE/NCB/ WORK/Upgradation/ 079-080/11 | Construction and Upgradation of Road at Bansgadhi-08, Bardiya | 2999172.32 | 3000 | 75000 |

2. All bidders shall only submit their bid electronic and bids must be submitted through PPMO's e-GP system *www.bolpatra.gov.np/egp*on or before 12:00 hour on **2079/06/12**. For more detail information download the Bidding Document.

**Office chief**



## Invitation for Online Bids

**PHUNGLING MUNICIPALITY**
**OFFICE OF MUNICIPAL EXECUTIVE**
Taplejung, Province no. 1, Nepal
**Date of first publication: 2079/05/13 (29th August 2022)**

1. The Government of Nepal (GoN), has provided a grant towards the Phungling Municipality for the cost of the construction Program and intends to apply part of the funds to cover eligible payments under the Contract as mention below:
2. Only eligible Nepalese bidders with the following key qualifications should participate in this bidding: Agency Registration, VAT Registration and Income tax clearance / Submission certificates.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Phungling Municipality, Taplejung, Mob no: 9862668298, 024-460113, email on the email address info@taplejungmun.gov.np : or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
4. For Bidders & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank : Nepal Bank Limited, Taplejung Branch**
**Name of Office : Phungling Municipality Office, Taplejung**
**Last Date of Purchasing of Bidding Documents from online : 2079 Ashwin 11 at office hrs.**
**Account No. : 06203000001001000002 Mul Kosh Khata**
5 Bids must be submitted through e-GP system https:www.bolpatra.gov.np/egp on before12:00 Hrs on 12 Ashwin 2079. Bids received after this deadline will be rejected.
6 Bids must be valid for a period of 90 days after opening of bids and must be accompanied by Cash Security or Bank Guarantee, amounting as mentioned in table below, which shall be valid for 120 days after opening of the bids.
7 If bidder wishes to submit the Cash Security, the cash should be deposited in the **Phungling Municipality Office Taplejung, Dharauti Account no: 06203000003000000002 Dharauti at Nepal Bank Limited, Taplejung branch** and submit the receipt of the deposited amount of cash along with the bid.
8 The bids shall be opened in the presence of bidder's representative who chooses to attend at 13:00 Hrs 12 Ashwin 2079 at the office of **Phungling Municipality, Office of Municipal Executive, Taplejung.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format.
9 If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10 Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
11 The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason.
12 Any intimidation, inclusion and curtailing during bidding process shall be punishable by law.

| Contract ID No. | Name of Projects | Estimated Cost With VAT & PS (NRs) | Bid Security Amount (NRs) | Bid Fee (NRs) |
|---|---|---|---|---|
| NCB/Phunglingmun/ Works/03/079/080 | Construction Works of Landfield Site. | 19479808.46 | 487000.00 | 3,000.00 |

**Chief Administrative Officer**

# साना उद्योग जोगाउन सकेमात्रै औद्योगिकरणको जग बलियो



काठमाडौं/मस- मधेश प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री शत्रुधन महतोले मुलुकमा रहेका परम्परागत मौलिक उत्पादन गर्ने लघु, घरेलु तथा साना उद्योग जोगाउन सके मात्रै औद्योगिकरणको जग बलियो हुने बताएका छन्।

नेपाल घरेलु तथा साना उद्योग महासंघले राजधानीमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले ग्रामीण क्षेत्रका परम्परागत र मौलिक साना तथा घरेलु उद्योग नै मुलुकको अर्थतन्त्रको जग भएको भन्दै यस्ता उद्योगको प्रवर्द्धनबाट मात्रै मुलुकको अर्थतन्त्र समृद्ध बन्ने बताए।

स्थानीय मौलिक उद्योगको उत्पादनलाई बढावा दिने र बढ्दो आयातलाई न्यूनीकरण गर्नुपर्ने अहिलेको राष्ट्रिय प्राथमिकताको विषय भएको भन्दै उनले गुणस्तरीय र प्रतिस्पर्धी उत्पादन कसरी गर्न सकिन्छ उद्योगी व्यवसायी तथा सरोकारवाला निकायहरुबाट अध्ययन आवश्यक भएको बताए।

साना उद्योगीका हरेक समस्यालाई बुझेर औद्योगिकरणमा लैजाने सरकारको प्राथमिकता भएको भन्दै मन्त्री महतोले भने, 'साना तथा घरेलु उद्योग र उद्योगीको सम्मानबाट नै अर्थतन्त्र माथि उठ्छ। यसका लागि सरकार सहजीकरण र सहकार्य गर्न तयार छ।' महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले वि.सं. २०४७ सालदेखि नै साना तथा घरेलु उद्योगीहरुको लागि पैरवी गर्दै आएको बताउँदै स्वदेशी वस्तु उत्पादन र प्रयोग बढाउनुपर्छ भनेर निरन्तर सरकारलाई दबाव दिइरहेको बताए।

नेपालको सन्दर्भमा लघु, घरेलु तथा साना उद्योगहरु आर्थिक समृद्धिको सम्भावनाका रुपमा रहेतापनि यस्ता उद्योगहरुको प्रमुख समस्याको रुपमा बजार पहुँच र वित्तीय पहुँच रहेको बताए।

स्वदेशी वस्तुको प्रवर्द्धन र बजारीकरण गर्नका लागि मधेश प्रदेशमा निर्यातगृह र बिक्री कक्ष सञ्चालनमा ल्याउन पनि उनले मन्त्री महतोको ध्यानाकर्षण गराए।

महासंघका निवर्तमान अध्यक्ष श्यामप्रसाद गिरीले घरघरमै उद्योग भएको मधेश प्रदेशमा लघु, घरेलु तथा साना उद्योगका साथै महिला उद्योग ग्राम पनि सञ्चालनमा ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै भने, 'त्यहाँ बजारीकरणको समस्या भएको व्यवसायीको गुनासो छ। भोलीका दिनमा व्यवसायमा पुस्ता हस्तान्तरण गर्न आवश्यक छ। कम्तिमा जिल्ला जिल्लामा बिक्री कक्ष राख्ने र औद्योगिक प्रदर्शनी आयोजना गर्ने विषयलाई मधेश प्रदेशले प्राथमिकता दिनुपर्‍यो।'

कार्यक्रममा महासंघका उपाध्यक्षद्वय हरिहर थापा, नेत्र पाठक, मोहन कटुवाल, सत्यनारायण प्रजापति, शोभा गुरुङ तथा सदस्य विरेन्द्र जत्ती, महासंघको महिला उद्यमी समिति सचिव डा. सोनी महतोलगायतले पनि आफ्ना भनाई राखेका थिए।

# राप्रपा नेपाललाई तीर चुनाव चिन्ह दिने निर्णय कार्यान्वयन नगर्न आदेश



काठमाडौं/मस- सर्वोच्च अदालतले राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाललाई अध्यक्ष कमल थापा नेतृत्वको पार्टीलाई तत्काल तीर चुनाव चिन्ह प्रदान गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरकालीन अन्तरिम आदेश गरेको छ।

न्यायाधीश सपना प्रधान मल्लको इजलासलले आइतबार उक्त पार्टीलाई तीर चुनाव चिन्ह दिने निर्वाचन आयोगको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो। आदेशमा भनिएको छ, 'निर्वाचन आयोगले २०७९/५/८ गतेको तिर निर्वाचन चिन्ह प्रदान गर्ने निर्णय कार्यान्वयन नगर्नु, नगराउनु।'

अध्यक्ष थापाले गाई चुनाव चिन्ह पाउनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। अदालतले दुवै पक्षको छलफलका लागि यही भदौ १४ गते बोलाएको छ।

## रौतहट डायरी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह

# गौर-बैरगनिया सीमामा अटो चल्न नदिँदा यात्रुहरुलाई सास्ती

भारतको बैरगनिया तथा नेपालको गौर नाकामा अटो चलाउन नदिँदा यात्रुहरुले सास्ती खेप्नु परेको छ। कोरोना कालमा बन्द गरिएको नेपाल-भारत सीमा क्षेत्रमा चल्ने अटो रिक्सा सञ्चालन नहुँदा स्थानीयलाई आवतजावतमा समस्या भएको हो।

किनमेलदेखि उपचारका लागि नेपाल-भारत आवतजावत गर्ने सर्वसाधारणले अहिले सास्ती भोग्नुपरेको छ। रौतहटको गौर बैरगनिया क्षेत्रमा तीन पाँग्रे सवारी नचलेपछि पैदल हिँड्दै यात्रा गर्न यात्रुहरू बाध्य भएका छन्। कोरोना संक्रमण शुरु भएपछि २०७६ चैतको पहिलो सातादेखि भारतीय प्रशासनले सिमाक्षेत्रमा टेम्पो, इ-रिक्सा, निजी सवारीसाधन आवतजावतमा रोक लगाएको थियो। भारतस्थित बैरगनियाको स्थानीय प्रशासनले सीमा क्षेत्रमा दुबै देशका सिटी रिक्सा चलाउन रोकेको थियो। पछि निजी सवारीसाधनलाई चल्न दिइए पनि तीन पांग्रे सवारीलाई खुला गरिएको छैन।

अहिले भारतबाट सीमा क्षेत्रको बैरगनिया हुँदै गौर आउने यात्रु र सामान किनमेल गर्न जानेहरू काँधमा सामान बोकेर ल्याउन बाध्य छन्। रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले भारतीय पक्षले कोभिडकै बेला तीन पांग्रे सवारीसाधन सञ्चालनमा रोक लगाए पनि अहिलेसम्म खुला नगरेको बताए।

'यसले दुबै देशका नागरिकलाई समस्या परेको छ। हामीले अब सञ्चालन गर्न दिनुस् भनेर अनुरोध गर्दै आएका छौं,' उनले भने, 'भारतको सीमा क्षेत्रका स्थानीय प्रशासनले माथिको आदेश कुरेर बसेका छौं भनेर जवाफ दिन्छन्।' नेपाल-भारत सीमा क्षेत्रको बैरगनिया-गौर बजारमा दैनिक हजारौंको संख्यामा मानिसहरु ओहोर-दोहर गर्छन्।

# ईशनाथमा बेवारिसे शव फेला

रौतहटको ईशनाथ नगरपालिकामा बेवारिसे अवस्थामा एक व्यक्तिको शव फेला परेको छ।

आइतबार ईशनाथ नगरपालिका वडा नं. ४ मठियास्थित पल्टुवा बजार जाने बाटोमा अन्दाजी करिब ७३ वर्षीय व्यक्ति शव फेला परेको हो।

ती व्यक्तिको हाल नामथर र वतन नखुलेको प्रहरीले बताएको छ। हुलिया वर्ण गोरो, उचाई ५ फिट, दारी फुलेको, कपाल छोटो, तल रातो र माथि सेतो लुगा लगाएको पुरुषको शव बेवारिसे अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

शवलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ। प्रहरीले मृतकलाई चिन्नेले जिल्ला प्रहरी कार्यालय रौतहटको हट लाइन १०० वा मोबाईल नम्बर ९८५५०४०९९९ मा सम्पर्क गरी जनकारी गराउन अनुरोधसमेत गरेको छ।

# विद्यालय कर्मचारी परिषद्‌लाई वार्तामा आउन आग्रह

**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय कर्मचारी परिषद्‌लाई विद्यालय बन्दका कार्यक्रम स्थगन गरी वार्तामा आउन पत्राचार गरेको छ।

मन्त्रालयले आइतबार परिषद्‌को राष्ट्रिय समितिलाई पत्र पठाइ नेपाल शिक्षक महासंघमार्फत वार्ताबाट समस्याको समाधान गर्न आग्रह गरेको हो। तलब सुविधामा विभेद भएको विषयमा परिषद्‌ले आन्दोलन गर्दै आएको छ। सरकारको बजेट वक्तव्यबाट विद्यालयका कर्मचारीको तलब र ज्यालामा विभेद गरिएकाले आन्दोलन शुरु भएको हो। परिषद्‌ले गत साउन २३ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई सम्बोधन गरी माग पूरा गर्न आग्रह गरेकामा समस्याको समाधानका लागि पहल भइरहेको मन्त्रालयले जनाएको छ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल र नेपाल राष्ट्रिय शिक्षक संगठनले आइतबार बेग्ला बेग्लै विज्ञप्ति जारी गरेर परिषद्‌को मागप्रति सुनुवाइ गर्न माग गरेका थिए।


## मलेसियामा रोजगार

कम्पनी: EVERGREEN WOOD INDUSTRY SDN BHD शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०३/२४ चलानी नं.: ६०१८३५१४ LT. No.: 267011 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 102 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

HAPPY
श्रम इजाजत पत्र नं. ८८३/०६७/०६८

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD.**
Maharajgunj-03, 2 No. Gate President House, Kathmandu | Tel. No.: 01-4535733, 4538533
Mob. No.: 9808842640, 9851149772, 9851154008 | Email: Happynepalemployment@gmail.com
Website: Www.happynepalemployment.com.np

## UAE मा रोजगार

कम्पनी: SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/२६ चलानी नं.: ६०१६७२६२ LT. No.:250491 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 74 | 25 | स. काममा दक्ष | 2000 | ६९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं र एयरपोट होटलमा २०७९ भदौ २३ गते (8 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHR
Support Human Resources Pvt. Ltd.
(Foreign Employment Services, Nepal)

**सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४१११२६, ४५६२६५१
मोबाईल : ९८०२०७०४२१, ९८०२०७०४२२, ९८०२०२०४२२

## साउदी रोजगार

कम्पनी: HAPPINESS SYMBOLS TRADING EST शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०५/१० चलानी नं.: ६०१८६२४९ LT. No.: 270173

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

## MALAYSIA मा रोजगार

कम्पनी : ICOLORZ ADVERTISING SDN BHD शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०५/१२ चलानी नं.: ६०१८६२९१ LT. No.: 270350

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**काबेली ह्युमन रिसोर्स प्रा. लि.**
Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं ,नेपाल, फोन: ४११३६०७, फ्याक्स: ४११३६०७

## साउदीमा रोजगार

कम्पनी: MISHWAR AL KHALEEJ COMPANY FOR MEALS शहर: Dammam

पूर्व स्वीकृत मिति: २०७८/०७/०७ चलानी नं.: ६०१६६०५९ LT. No.: 248382 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३३,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३९०७६३, फ्याक्स: ४३८१११७ मो. 9810201278, 9801001144 डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## Malaysia मा रोजगार

1. Unicolour Polymer Technology Sdn. Bhd.

पूर्व स्वीकृती मिति: २०७९/०५/१२ चलानी नं. ६०१८६२८३ LT.No.: 270383

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 25 | साधारण | 1500 | ४३,०८४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. Multi Choice (M) Sdn. Bhd. पूर्व स्वीकृती मिति: २०७९/०५/१२ चलानी नं. ६०१८६२८२ LT No.: 270382

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 26 | साधारण | 1500 | ४३,०८४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७९ भदौ २० गते (05 Sep., 2022) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ।

[illegible]

**WIN RECRUITMENT PVT. LTD.**
Gov. Lic. No. 1383/074/75
Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112250, 9801112262, 9801112267

## UAE मा रोजगार

कम्पनी : WESTERN BAINOONA GROUP FOR GENERAL CONTRACTING L.L.C शहर: ABU DHABI

पूर्व स्वीकृत मिति: २०७९/०५/१२ चलानी नं.: ६०१८६२७८ LT. No.: 270359

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintenance Labourer | 200 | 0 | स. काममा दक्ष | 800 | २७,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २० गते (5 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

